# स्थानीय पाठ्यक्रम

## २०७६

## कक्षा (१-५)

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया

**पुस्तक** : स्थानीय पाठ्यक्रम (कक्षा १-५)

**प्रकाशक :** ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया

**प्रमुख संरक्षक :**
नगर प्रमुख : श्री घननारायण श्रेष्ठ

**संरक्षक :**
नगर उप प्रमुख : कृष्णा कुश्मा थारु

**पाठ्यक्रम निर्माण समिति :**
संयोजक : श्री राधा चौधरी
सदस्य : श्री नवराज ढुङ्गाना
सदस्य सचिव : श्री बालकृष्ण आचार्य

**सल्लाहकार :**
प्रमुख प्रशासकीय अधिकृत : श्री रामहरि रिजाल
शाखा प्रमुख : श्री सीता कुमारी भण्डारी
शिक्षक : श्री नन्दाराम अधिकारी

**सर्वाधिकार : प्रकाशकमा निहित**

२०७६ बैशाख २५ गतेको नगर कार्यपालिकाबाट स्वीकृत तथा बैशाख २९ को चौथो नगरसभाबाट अनुमोदित

**मुद्रण : ४०० प्रति**

**प्रथम संस्करण : वि.सं. २०७६**

ठाकुरबाबा नगरपालिकाको लिखित स्वीकृति विना यसको पुरै वा आंशिक भाग हुबहु प्रकाशन गर्न वा परिवर्तन गरेर प्रकाशन गर्न पाइने छैन ।

## भूमिका :

जीवन र जगतको वास्तविकतालाई बुझ्ने क्रममा संगालेका मानवीय अनुभव र व्यवहारलाई नै ज्ञान भनिन्छ । यी अनुभव, सुझ र चिन्तनको माध्यमबाट व्यक्तिको व्यवहारमा आउने सकारात्मक परिवर्तनलाई सिकाइ भनिन्छ । यिनै सिकिएका कुराहरुलाई कुनै एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गर्ने प्रक्रिया चाँहि शिक्षा हो । मानव सभ्यताको प्रारम्भदेखि नै शिक्षाको विकास भइरहेको छ । मानवीय आवश्यकता परिपूर्ति गर्ने क्रममा नयाँ खोज र आविष्कारले शिक्षाको दायरा व्यापक बन्दै गएको छ । आजको सूचना र सञ्चारको तीब्र विकासले विश्वलाई चौथो औद्योगिक क्रान्तिका रूपमा चिनाएको छ जसले गर्दा बौद्धिक उन्नयनका संभावनाहरू उजागर भएका छन् ।

ऐतिहासिक पाटोबाट हेर्दा नेपाल सदियौंदेखि ज्ञानभूमि, तपोभूमि र समृद्ध सभ्यताको संगमस्थल (Melting Pot ) बनेको छ । विद्यमान सामाजिक विविधताहरू यही ऐतिहासिक निरन्तरताका निधि हुन । अतः यस्ता पक्षहरूप्रति व्यक्तिको सचेतना अभिवृद्धि गर्दै मौलिक सभ्यता, संस्कृति, आचरण र व्यवहारको निर्माणका साथै परिर्वतित वातावरणमा अनुकुलन हुन आवश्यक ज्ञानसिपको आर्जन एवम् प्रवर्धनमा शिक्षाले महत्वपूर्ण भूमिका खेल्नुपर्छ । प्रचीन पिंढी शिक्षाबाट विकसित हुँदै शिक्षा प्रणालीको वर्तमान अवस्थासम्म आइपुग्दा स्थानीय विषयवस्तुहरूले कुनै न कुनै रूपमा योगदान पुऱ्याएको पाइन्छ । **नेपालमा शिक्षा** नामक प्रतिवेदन २०११ हुँदै उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०७५ समेतले शिक्षाको आधार स्थानीयता हुने कुरा सुझाएको पाइन्छ ।

शिक्षा वैयक्तिक समृद्धि र सशक्तिकरणको अविरल यात्राकासाथै सामाजिक न्याय, समावेशिता र उद्यमशीलता प्रवर्धन गर्ने समुच्च संयन्त्र पनि हो । प्रस्तुत पाठ्यक्रम यिनै मूल्यको परिणति हो । ठाकुरबाबावासीको अथक प्रयास, छलफल, बहस र सम्मतिको साझा मञ्चको रूपमा विकसित भएकाले यो गौरवमय छ । यसले ठाकुरबाबाको दृष्टिकोण र अपेक्षाहरू समेटेको छ । विद्यालय शिक्षाका प्रमुख कार्यभार मध्ये पाठ्यक्रम विकास एक महत्वपूर्ण कार्य हो जसले अभिभावक, विद्यार्थी, समाज र राष्ट्रकै आवश्यकता प्रतिविम्वित गर्ने गरी सक्षम जनशक्ति उत्पादनमा जोड दिएको हुन्छ । यस पाठ्यक्रमले पूर्वीय दर्शनका चार पुरुषार्थ र युनेस्कोका शिक्षाका चार स्तम्भलाई विषयवस्तुको आधार बनाएको छ । बालकको प्रथम घर विद्यालय हो भने उसले अन्तरक्रिया गर्ने प्रथम परिवेश विश्वविद्यालय हो । तसर्थ बालकको परिवेशलाई समेटी स्थानीयताको मूल्यलाई सिकारुमा जागृत गराउन यो जीवनोपयोगी सिपमा आधारित पाठ्यक्रम तयार गरिएको छ ।

ठाकुरबाबा नगरपालिकाको भौगोलिक अवस्थिति, सामाजिक बनौट, ऐतिहासिक, प्राकृतिक, साँस्कृतिक सम्पदाहरू पर्यटन, पर्यावरण तथा विकासका बहु आयामिक पक्षहरूलाई पाठ्यक्रमका सिकाइका प्रमुख क्षेत्रका रूपमा लिइएको छ । संविधान प्रदत्त शिक्षाको हक वास्तविक कार्यान्वयनका लागि यस नगरपालिकाले स्पष्ट धारणा विकास गरेको सन्दर्भमा यस पाठ्यक्रमका विषयवस्तुहरू समयानुकूल अद्यावधिक गरिंदै लगिनेछ । यस भूमिमा सिर्जित चिन्तन, संस्कृति र सम्पदामा आधारित शिक्षा प्रणाली विकासका लागि यो एक कोशेढुङ्गा सावित हुनेछ ।

पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भए मात्र अपेक्षित उद्देश्यहरू हासिल हुन्छन् । तसर्थ यो पाठ्यक्रमको कार्यान्वयनमा सम्वद्ध सरोकारवालाहरूको सक्रिय सहभागिता जरुरी छ । अब शिक्षण केन्द्रित विधिहरू भन्दा सिकाइ केन्द्रित विधिहरूमा जोड दिन जरुरी छ जसका लागि सिक्नका लागि सिकाउने वैयक्तिक शिक्षण र सिकाइका नवीन शैलीहरू अवलम्वनप्रति सजग हुनुपर्छ । उपर्युक्त विषयहरूलाई यस पाठ्यक्रमले स्पष्ट निर्देश गरेको छ । यो पाठ्यक्रमले राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ को परिमार्जित संस्करण २०७१, प्राथमिक पाठ्यक्रम २०६३ र २०६५ लाई समेत आधार लिएको छ । शिक्षालाई जीवनोपयोगी र व्यवहारिक बनाउन यो पाठ्यक्रम सफल हुने कुरामा नगरपालिका विश्वस्त छ ।

निर्धारित समयावधि भित्र कार्ययोजना निर्माण, मस्यौदा समिति गठन, स्थानीय विज्ञहरुसँग परामर्श, सरोकारवालाहरुसँग सुझाव सङ्कलन एवम् प्रधानाध्यापक, शिक्षक, बुद्धिजीवी, संघ संस्थाका प्रतिनिधिहरुसँग अन्तरक्रिया लगायतका महत्वपूर्ण कार्य प्रक्रिया अवलम्वन गरी व्यापक छलफल र बहसका आधारमा प्रस्तुत पाठ्यक्रम तयार भएको छ । यस प्रक्रियामा ठाकुरबाबा नगरपालिकाका जनप्रतिनिधिहरू, शिक्षाप्रेमी, समाजसेवी, राजनीतिक, आर्थिक र सामाजिक जीवनका प्रबुद्ध व्यक्तित्वहरु समेतको सहभागिताप्रति नगरपालिका विशेष धन्यवाद ज्ञापन गर्दछ । मस्यौदा पाठ्यक्रम निर्माण समितिका संयोजक श्री राधा चौधरी, सदस्य श्री नवराज ढुङ्गाना र सदस्य सचिव श्री बालकृष्ण आचार्यका साथै प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि रिजाल, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख श्री सिता कुमारी भण्डारी, शिक्षक श्री नन्दाराम अधिकारीको निरन्तर लगाव क्रियाशीलताप्रति र पाठ्यक्रम निर्माण कार्यमा प्रत्यक्ष अप्रत्क्ष रुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभाव हरुमा यस अवसरमा नगरपालिका सबैलाई धन्यवाद दिन चाहन्छ ।

अन्त्यमा, यस नगरपालिकाले तयार गरेको विस वर्षे गुरुयोजना अन्तर्गत शिक्षा विज्ञान तथा प्रविधिको क्षेत्रमा तय गरिएको :

मानव संसाधन विकास तथा अभिवृद्धि नगरको अभियान ।
गुणस्तरीय एवं जीवनोपयोगी शिक्षा ठाकुरबाबाको पहिचान ।।

भन्ने आदर्श वाक्यको सार्थकताका लागि यस पाठ्यक्रमलाई ठाकुरबाबा नगरपालिकामा प्रभावकारी रुपमा कार्यन्वयन गर्न शिक्षक अभिभावक तथा सम्बद्ध सरोकारवालाहरुको अहम् भूमिका रहने हुँदा यस पाठ्यक्रमको निरन्तर र सामयिक सुधारका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछ ।

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनवार, बर्दिया

# वियषसूची


| क्र.स. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | परिचय | १ |
| २. | राष्ट्रिय उद्देश्य | १ |
| ३. | प्राथमिक शिक्षाका उद्देश्य | ३ |
| ४. | तहगत सक्षमता | ३ |
| ५. | कक्षागत सिकाई उपलव्धी | ४ |
| ६. | विषयवस्तु | ७ |
| ७. | विषयगत एकाइ र पाठहरु | ८ |
| ८. | शिक्षण सिकाइ सहजीकरण प्रक्रिया | ११ |
| ९. | मूल्याङ्कन | ११ |
| १०. | कक्षा १-५ पाठ्यक्रम ढाँचा | १२ |
| ११. | विषय विस्तृतीकरण | १३ |
| १२. | स्रोत सामग्री | २३ |
| १३. | अनुसूचीहरु | ३५ |
| १४. | सन्दर्भ सामग्रीहरु | ४६ |

# हाम्रो ठाकुरबाबा

**१. परिचय :**

सिकाइको व्यवस्थित दस्तावेज नै पाठ्यक्रम हो । स्थानीय पाठ्यक्रम फ्रन्टलाइन पाठ्यक्रम भएकाले स्थानीय आवश्यकता अनुसार तयार गरिन्छ । केन्द्रले निर्माण गर्ने पाठ्यक्रमले स्थानीय विविधता समेट्न नसक्ने भएकाले शैक्षिक विकेन्द्रीकरणको मर्मलाई सम्वोधन गर्न स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनमा स्थानीय सरोकारवालालाई संलग्न गराउँदै सिकाइ सहजीकरण प्रक्रियामा स्थानीय स्रोत र विज्ञतालाइ उपयोग गरिन्छ । यस विषयलाई स्थानीय पाठ्यक्रमको अङ्गको रुपमा अध्यापन गर्नुको उद्देश्य स्थानीय ज्ञान, सीप र प्रविधिको विकास गराउँदै वैश्विक नागरिक तयार गर्नु हो । विषय सङ्गठनका दृष्टिले यो एकीकृत (integrated) विषय हो त्यसैले यस पाठ्यक्रमलाई मूलत : स्थानीय आवश्यकताका सिप विकासका पक्षमा केन्द्रित गरिएको छ । यसका लागि पाठ्यक्रमले निम्न लिखित पक्षहरुमा जोड दिएको छ :

(क) पाठ्यक्रमलाई गतिशील, उपयोगी र व्यवहारिक बनाउने,
(ख) सक्षमतामा आधारित सिपगत पाठ्यवस्तुको छनोट र स्थानीय विशिष्टता कायम गर्ने,
(ग) स्थानीय सिप प्रविधिमा आधारित विधाहरुको क्षेत्र र क्रमलाई निर्धारण गर्ने,
(घ) विषय वस्तुहरु क्रियाकलापमुखी शिक्षण विधिबाट प्रस्तुत गर्ने ।

**२ राष्ट्रिय उद्देश्य**

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा र व्यक्तित्व विकासका सम्भावनालाई प्रस्फुटित गर्न सहयोग गर्ने,
(ख) प्रत्येक व्यक्तिमा निहित सार्वभौम मानवीय मूल्यका साथै राष्ट्रिय संस्कृति र अस्मिता, सामाजिक मान्यता र आस्थाहरूको संवर्धन गरी जीवन्त अनुभवहरू समेट्दै स्वस्थ सामाजिक तथा सामूहिक जीवनपद्धतिको विकास गर्न चरित्रवान् एवम् नैतिकवान् नागरिक तयार गर्ने,
(ग) स्थानीय, राष्ट्रिय स्तरका पेसा व्यवसाय एवम् रोजगारीका साथै आवश्यकता अनुसार अन्तर्राष्ट्रिय रोजगारीतर्फ उन्मुख उत्पादनमुखी र सिपयुक्त नागरिक तयार गर्न सहयोग गर्ने,
(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक एकतालाई सुदृढ बनाउने,
(ङ) समाजको आधुनिकीकरणमा सहयोग गरी देश निर्माणका निम्ति मानव संसाधनको विकास गर्ने,
(च) प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गर्दै पर्यटन प्रवर्धनमा सहयोग गर्ने नागरिक तयार गर्ने,
(छ) सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै तदनुरूपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने,

(ज) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश अनुकूल शान्ति, मैत्री, सद्भाव, सहिष्णुता र विश्वबन्धुत्वको भावनाको विकास गरी तदनुरूपको आचरण गर्ने गराउने र हरेक प्रकारका द्वन्द्व व्यवस्थापनका लागि सक्षम नागरिक तयार गर्ने,

(झ) आधुनिक सूचना प्रविधिसँग परिचित भई त्यसको प्रयोग गर्न सक्ने विश्व परिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ञ) राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानवअधिकारप्रति सम्मान गर्ने, समालोचनात्मक तथा र चनात्मक सोच भएका, मितव्ययी, स्वाभिमानी तथा अरूलाई सम्मान गर्ने र आफू नेपाली भएकामा गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) नेपाली कला, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, संवर्धन र विस्तारतर्फ अभिप्रेरित नागरिक तयार गर्न मद्दत गर्ने,

(ठ) प्राकृतिक एवम् दैवी प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्यूनीकरण गर्न सक्षम नागरिक तयार गर्ने ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले तय गरेको शिक्षाको दुरदृष्टि :**

सामाजिक न्यायसहित स्वस्थ, सभ्य र सक्षम जनशक्ति उत्पादन राष्ट्र निर्माणको दिशा ।
व्यक्तिको सर्वाङ्गीण विकास र सामाजिक ,आर्थिक रुपान्तरणका लागि गुणस्तरीय शिक्षा ।।

**उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले शिक्षाका राष्ट्रिय उद्देश्यहरु यसप्रकार तय गरेको छ :**

१. व्यक्तिमा अन्तर्निहित प्रतिभाको गुण, क्षमता र प्रतिभाहरुको प्रस्फुटन गर्दै शारीरिक, मानसिक, आत्मिक, सामाजिक, संवेगात्मक तथा बौद्धिक आयामहरुको अभिवृद्धि गरी व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउनु,

२. प्रत्येक व्यक्तिमा राष्ट्र र राष्ट्रियताप्रति निष्ठा, मुलुकको सार्वभौमसत्ता राष्ट्रिय एकता र अखण्डताप्रति प्रतिबद्ध,समानता, समावेशिता र सामाजिक न्यायका मान्यता अनुरूपको आचरण, सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्य-मान्यता, आफ्नो नागरिक अधिकार र कर्तव्यप्रति सजगता अभिवृद्धि गर्नु,

३. व्यक्तिमा असल चरित्र, नैतिकता ,स्वः अनुशासन, निष्पक्षता, सकारात्मक सोंच,सहिष्णुता, समानुभूति, सदाचारिता, आत्मसंयम, धैर्यता, लगनशीलता, उत्तरदायित्व बोध, सेवाभाव, विश्वबन्धुत्वको भावना, स्वस्थ जीवन र रहनसहनप्रति प्रतिबद्धता जस्ता मानवीय गुणहरुको विकास गर्नु,

४. श्रमप्रति आस्थावान, उत्पादनमुखी, सिर्जनशील, उद्यमशील, सीपयुक्त र रोजगार उन्मुख मानव संसाधनको विकास गरी देशले लिएका आर्थिक, सामाजिक तथा दिगो विकासका लक्ष्यहरु हासिल गर्न र मुलुकलाई समतामूलक तथा समृद्ध राष्ट्र बनाउन योगदान पुऱ्याउने,

५. प्रत्येक व्यक्तिलाई वैज्ञानिक दृष्टिकोण, आलोचनात्मक सोंच, सिर्जनात्मकता, तार्किक क्षमता, निर्णय तथा नेतृत्व क्षमता, अनुकूलन क्षमता, समस्या समाधान गर्न सक्ने, बहुभाषामा सञ्चार गर्न सक्ने र नवीनतम् प्रविधिको उपयोग गर्न सक्ने क्षमता अभिवृद्धि गरी सहकार्य सीप, सामाजिक

र साँस्कृतिक सीप जस्ता व्यवहार कुशल सिपयुक्त जनशक्तिका रुपमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा प्रतिस्पर्धा गर्न सक्षम तुल्याउनु,

६. व्यक्तिमा नेपालको मौलिक दर्शन, साँस्कृतिक, भाषा, साहित्य, कला, इतिहास, जीवनशैली, आदर्श तथा वैशिष्ट्यहरुको अध्ययन, मनन् र चिन्तनका साथै तिनीहरुको संरक्षण, संवर्धन र विस्तारतर्फ क्रियाशील रहने भावना जागृत गर्दै विश्व सभ्यता र संस्कृतिको समेत ज्ञान प्रवर्धन गर्नु,

७. शिक्षाको बलियो आधार तयार गरी व्यक्तिलाई आजीवन सिकाइमा संलग्न हुन अभिप्ररित गर्नु तथा जीवनमा आवश्यक ज्ञान सीपलाई निरन्तर अद्यावधिक गर्न सक्षम बनाउनु,

८. प्रत्येक व्यक्तिलाई नेपालको भौगोलिक, साँस्कृतिक, धार्मिक, जातीय, भाषिक विविधताप्रति सजग बनाउँदै विभिन्न समुदाय, साँस्कृतिक भाषाहरुबीच श्रद्धा र समभावसहित समाजमा शान्ति, सहिष्णुता र समझदारी विकास गर्नु,

९. प्रत्येक व्यक्तिलाई प्राकृतिक सम्पदा र पर्यावरणको संरक्षण, संवर्धन र कुशल सदुपयोग गर्न विपद्को पहिचान, न्यूनीकरण र व्यवस्थापन गर्न र आफ्नो जीवनशैली र व्यवहारले प्रकृति र समुदायमा पार्न सक्ने प्रभावप्रति सजग रही दिगो समाजको विकासमा सहभागी बनाउनु ।

**३ प्राथमिक शिक्षाका उद्देश्यः**

प्राथमिक शिक्षाले बालबालिकाहरूमा निम्नलिखित पक्षमा विकास गर्ने उद्देश्य राखेको छ :

१. राष्ट्र, राष्ट्रिय एकता र लोकतान्त्रिक संस्कारको भावना पैदा गराई नैतिकता, अनुशासन र स्वावलम्बन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास गर्ने,

२. आधारभूत भाषिक तथा गणितीय सीप विकास गर्ने,

३. विज्ञान, सूचनाप्रविधि, वातावरण र स्वास्थ्य सम्बन्धी आधारभूत ज्ञान तथा जीवनोपयोगी सीपको विकास गर्ने,

४. कला सौन्दर्यप्रति अभिरुचि जगाई सिर्जनशील सीपको विकास गर्ने,

५. विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति समभाव जगाई समावेशी समाजको निर्माणमा सहयोग पुऱ्याउने,

६. मानवअधिकार तथा सामाजिक मूल्यमान्यताप्रति सचेत भई जिम्मेवारपूर्ण आचरणको विकास गर्ने ।

**४ तहगत सक्षमता :**

यस तहको अन्त्यमा विद्यार्थीहरु निम्नलिखित सक्षमताहरु हासिलगर्न समर्थ हुनेछन् :

१. हाम्रो ठाकुरबाबाको भौगोलिक, ऐतिहासिक र आर्थिक अवस्थाको ज्ञान र सिप हासिल गरी गुणस्तरीय जीवनका लागि उपयोग,

२ ठाकुरबाबा भित्रका सामाजिक ,भौगोलिक ,सांस्कृतिक वैशिष्ट्यताको पहिचान र सम्मान भावको विकास,

३. ठाकुरबाबा भित्रका सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदाहरुको संरक्षण, प्रवर्धन र विकासमा सहभागिता,
४. स्वास्थ्य,प्राकृतिक विपत्ति र प्रकोपप्रति सचेत रही उत्थानशील उपायहरु अवलम्वन,
५. हरित, स्वस्थ, सफा, शान्त र सुरक्षित विद्यालयको विकासमा जिम्मेवारपूर्ण आचरणको विकास

**५. कक्षागत सिकाइ उपलब्धी :**

**कक्षा : १**

**विषय : हाम्रो ठाकुरबाबा**

१) आफ्नो गाउँ र समुदायको सामान्य परिचय दिन,
२) रङ्गीन चित्रहरु हेरेर आफ्नो गाउँको पहिचान गर्न ,
३) ठाकुरबाबा नगरपालिकाको हावापानी र मुख्य वनस्पतिको समान्य जानकारी दिन,
४) आफ्नो घरपरिवार र छिमेकीहरुले अपनाएका कुनै ४ वटा पेशा र व्यवसायको बारेमा जानकारी गराउन,
५) आफ्नो वरपर रहेका विभिन्न समुदायहरुको पहिचान गराउन,
६) बालबालिकाको समुदायमा मनाउने कुनै ४ वटा चाडपर्वको बारेमा जानकारी दिन,
७) यस क्षेत्रमा बोलिने थारु र नेपाली भाषाको सामान्य जानकारी दिने थारु र डेउडा नृत्यको पहिचान गराउन,
८) स्थानीय क्षेत्रको मुख्य वन र त्यस भित्रको विभिन्न जीव र वनस्पतिको बारेमा जानकारी गराउन,
९) बर्दिया राष्ट्रिय निकुञ्जको सामान्य परिचय गराउन,
१०) जलीय र स्थलीय प्रणालीको सामान्य जानकारी दिन,
११) शब्द चित्रमार्फत हरित विद्यालयको पहिचान गर्न,
१२) शब्द, वस्तु र चित्रमार्फत स्वास्थ्य र सरसफाइको जानकारी दिन,
१३) जोखिम पात्रोबाट विपद्को सामान्य जानकारी दिन,
१४) सर्ने र नसर्ने कुनै २ वटा रोगको जानकारी दिन,
१५) आफ्नो वडा कार्यालयको अवस्थिति बताउन ,
१६) आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाको पहिचान गर्न र स्वास्थ्य संस्थाबाट प्रदान गरिने कुनै दुइवटा सेवाका बारेमा जानकारी दिन ।

**कक्षा : २**

**विषय : हाम्रो ठाकुरबाबा**

१. शब्द चित्र र नक्साको माध्यमबाट ठाकुरबाबा नगरपालिकाको सामान्य चिनारी दिन,
२. ठाकुरबाबा नगरपालिकाको जनसंख्या , हावापानी र वनस्पतिबारे बताउन,
३. ठाकुरबाबा नगरवासीका कुनै ५ वटा पेशा र व्यवसायको बारेमा भन्न,

४. यस क्षेत्रमा वसोवास गर्ने मुख्य समुदायको रहनसहनको बारेमा जानकारी दिन,
५. यस क्षेत्रमा बोलिने नेपाली र थारु भाषा संस्कृतिको जानकारी लिन,
६. परम्परागत र वर्तमान समयमा प्रचलित सूचना र सञ्चार र स्थानीय प्रविधिको बिचमा फरक छुट्याउन,
७. शब्दचित्रको प्रयोग गरी आफ्नो वरपरका धार्मिक र पर्यटकीय स्थलहरु पहिचान गर्न,
८. यस क्षेत्रमा अवस्थित मुख्य वनजंगल र नदीनालाको पहिचान गर्न,
९. हरित विद्यालयका अवधारणाबारे जानकारी दिन,
१०. विपद् व्यवस्थापनको सामान्य परिचय दिन ,
११. पूर्ण सरसफाइको परिचय दिन,
१२. व्यक्तिगत स्वास्थ्य र सरसफाइको सम्बन्ध बताउन,
१३. सर्ने नसर्ने कुनै ४ वटा रोगका नाम र तिनका रोकथाम गर्ने उपाय बताउन,
१४. वस्तु, चित्र र शब्दका माध्यमले वडा कार्यालयको बारेमा जानकारी दिन,
१५. वडा कार्यालयबाट प्रदान गरिने कुनै ५ वटा सेवाहरु बताउन ।

**कक्षा : ३**

**विषय : हाम्रो ठाकुरबाबा**

१. ठाकुरबाबा नगरपालिकाको स्थापना र विकास सम्बन्धी जानकारी दिन,
२. ठाकुरबाबा नगरपालिकाको कूल जनसंख्या र हावापानीको समान्य जानकारी दिन,
३. ठाकुरबाबा नगरवासीका कुनै ६ वटा पेशा र व्यवसायको प्रभावकारिता बताउन,
४. ठाकुरबाबा नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजाति, समुदाय र तिनको पहिचान सम्बन्धी जानकारी दिन,
५. यस नगरपालिका क्षेत्रमा बसोवास गर्ने थारु र नेपाली भाषीहरुको भाषिक अवस्थाको बारेमा जानकारी दिन,
६. आफूले मनाउने कुनै २ वटा चाडपर्वको वारेमा मौखिक र लिखत बर्णन गर्न सक्ने बनाउन,
७. परम्परागत र वर्तमान समयमा प्रचलित सूचना र सञ्चार प्रविधिको महत्व बोध गराउन,
८. प्राकृतिक सम्पदाहरुको परिचय र महत्व बताउन,
९. यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुको कलाकृति र संग्रहालयको बारेमा जानकारी दिन,
१०. हरित विद्यालयको आवश्यकता र महत्व बताउन,
११. आफ्नो विद्यालय भित्र फूलवारी निर्माण गर्न,
१२. स्वास्थ्य शिक्षाको आवश्यकता र महत्व बोध गर्न,
१३. योग शिक्षाको सामान्य परिचय र महत्व बताउन,
१४. नक्साको आधारमा आफ्नो नगरपालिका छुट्याउन,
१५. नगर कार्यपालिकाको सामान्य जानकारी दिन ।

## कक्षा : ४

## विषय : हाम्रो ठाकुरबाबा

१. ठाकुरबाबा नगरपालिकाको सामाजिक संरचना र भूगोल सम्बन्धि जानकारी दिन,
२. ठाकुरबाबा नगरपालिकाले तयार पारेको गुरुयोजनाबारे जानकारी दिन,
३. परम्परादेखि चलि आएका सामाजिक तथा साँस्कृतिक मूल्य मान्यतासंग परिचित हुन,
४. सामाजिक कुरीति र कुसंस्कार विरुद्ध सचेत हुन,
५. चिठी, मोवाइल, कम्प्युटर, ढिकी, जांतो, घट्ट, मिल, कोलको उपयोगिता बताउन,
६. वनजङ्गलको महत्व र संरक्षणका उपायहरुको बारेमा जानकारी दिन ,
७. ठाकुरबाबा न.पा.भित्रका कुनै पाँचवटा प्राकृतिक श्रोतहरुको पहिचान गर्न,
८. स्थलीय र जलीय पारिस्थितिक प्रणालीको समान्य जानकारी दिन,
९. दिगो विकासको परिचय दिन,
१०. वातावरण संरक्षणका कुनै पाँचवटा उपाय बताउन,
११. यस क्षेत्रमा पाइने स्थानीय जडीबुटी र तिनको महत्वबारे जानकारी दिन,
१२. पोषणजन्य समस्या र तिनको दिगो व्यवस्थापनबारे सामान्य जानकारी दिन,
१३. सुनौला हजार दिनको परिचय र महत्व बताउन,
१४. नगरपालिकाको गठन प्रक्रिया र कार्यहरु बताउन,
१५. यस नगरपालिका क्षेत्रभित्र रहेका विकासका पूर्वाधारहरुबारे जानकारी दिन ।

## कक्षा : ५

## विषय : हाम्रो ठाकुरबाबा

१. ठाकुरबाबा नगरपालिकाको सामाजिक, भौगोलिक र जनसंख्याको बनोटबारे बताउन,
२. ठाकुरबाबा नगरपालिका क्षेत्रमा सञ्चालित पेशा, व्यवसाय, प्रवर्द्धनका उपायहरु बताउन
३. ठाकुरबाबा नगरपालिका क्षेत्रका समुदायहरुमा भएको सामाजिक, साँस्कृतिक, भाषिक, विविधताभित्र एकता रहेको सन्देश दिन,
४. सूचना, सञ्चार र प्रविधिको एतिहासिक विकासक्रमबारे जानकारी दिन,
५. बर्दिया राष्ट्रिय निकुञ्जको परिचय, महत्व र संरक्षणका उपायहरुको बारेमा जानकारी दिन,
६. कला र संस्कृतिको महत्व र संरक्षणका उपायहरु बताउन,
७. हरित विद्यालयको आवश्यकता र महत्व स्पष्ट पार्न,
८. दिगो विकास र वातावरण संरक्षण सम्बन्धी सामान्य परिचय दिन,
९. कुनै ८ वटा सर्ने र नसर्ने रोगका बारेमा जानकारी दिन,
१०. नगर सभा र न्यायिक समितिको परिचय, गठन प्रक्रिया र कार्यहरुबारे जानकारी दिन,
११. यस नगरपालिका क्षेत्रभित्र रहेका विकासका आयोजनाहरुको सामान्य जानकारी दिन,
१२. स्थानीयस्तरमा कार्यरत कुनै पाँचवटा संघ संस्थाहरुको परिचय दिन ।

६. **विषयवस्तुहरु**

**एकाई १. हाम्रो स्थानीय भूगोल र समाज** २०

- ठाकुरबाबा नगरपालिकाको परिचय,
- अवस्थिति र नक्सा अध्ययन,
- हावापानी,
- वनस्पति,
- जनसङ्ख्या (जात जाति, महिला/पुरुष जनसङ्ख्या वनोट),
- स्थानीय पेशा र व्यवसाय (कृषि ,उद्योग/व्यापार ,रोजगारी, परम्परागत पेशाहरु),
- ठाकुरबाबाका महत्वपूर्ण योजनाहरु (गुरु योजना, लापा) ।

**एकाइ २. हाम्रो संस्कृति र प्रविधि** २०

- मुख्य समुदायहरु,
- मुख्य चाडपर्वहरु,
- भाषाहरु (थारु,नेपाली),
- विभिन्न समुदायका सांस्कृतिक परम्परा एवं प्रथाहरु,
- पुस्तान्तर तथा स्थानीय ज्ञान,
- लोक नृत्यहरु (थारु नृत्यहरु, डेउडा, पञ्चेबाजा),
- स्थानीय प्रविधिहरु (माछा समाउने, ढिकी),
- सूचना तथा सञ्चार प्रविधि ।

**एकाइ ३ हाम्रा महत्वपूर्ण निधिहरु** ३०

- वन जंगल र वनका प्रकार,
- नदीनाला,
- धार्मिक तथा पर्यटकीय स्थलहरु,
- राष्ट्रिय निकुञ्ज (ब.रा.नि.),
- हाम्रा स्थलीय र जलीय पारिस्थितिक प्रणाली,
- साँस्कृतिक कलाकृति र सङ्ग्रहालयहरु (थारु, जनजाति, दलित)।

**एकाइ ४ : हामी, हाम्रो विद्यालय र वातावरण** २०

- हरित विद्यालयको अवधारणा,
- वातावरण र विपद्को परिचय र विपद् व्यवस्थापन (जोखिम पात्रो),
- उत्थानशील परिवार र विद्यालय,
- दिगो विकास र वातावरण संरक्षण,
- स्थानीय जडिबुटी र फलफूल ।

**एकाइ ५ : हामी र हाम्रो स्वास्थ्य** १५

- स्वस्थ घर,
- पूर्ण सरसफाइ ,

- स्थानीय संक्रामक रोगहरु,
- वंशाणुगत रोगहरु : सिकलसेल, उच्च रक्तचाप, मधुमेह र दम,
- रोगका असर तथा रोकथामका उपायहरु,
- पोषणजन्य समस्या र दिगो व्यवस्थापन,
- सुनौला १,००० दिनको महत्त्व,
- योग, ध्यान र शारीरिक व्यायामको महत्त्व,
- स्थानीय खेलहरु ।

**एकाइ ६ : हाम्रो स्थानीय सरकार र सामाजिक संस्थाहरु** २३

- नगरपालिका, कार्यपालिका, नगरसभा र न्यायिक समिति,
- हाम्रो नगरपालिकाका विकासका पूर्वाधार र आयोजनाहरु,
- स्वास्थ्य सम्बन्धी कार्यालय,
- सहकारी,
- मध्यवर्ती क्षेत्र उपभोक्ता समिति र यसका कार्यहरु,
- NGO/INGO हरु ।

## ७. विषयगत एकाइ र पाठहरु :

यो पाठ्यक्रम वृहतक्षेत्र पाठ्यक्रमको अवधारणा (Concept of Broad Field Curriculum) अनुसार तयार पारिएकाले सिकाइका क्षेत्र व्यापक र विषयगत सीमाभन्दा माथि रहेका छन् । अर्कोतर्फ पाठ्यक्रमलाई निश्चित संरचनामा राख्नुपर्ने संरचनावादी दृष्टिकोण अनुरुप कक्षा शिक्षणबाट प्राप्त हुने सिकाइ उपलब्धिहरुलाई परिणाममुखी सक्षमताका मानक ठानिन्छन् । विषयवस्तु भन्नाले साधारणतया एक शैक्षिक सत्रमा कुनै विषय शिक्षकले विद्यार्थीलाई प्रदान गर्ने ज्ञानको मात्रा भन्ने बुझिन्छ भने पाठ्यपुस्तक त पाठ्यक्रमका उद्देश्य पूरा गर्न, विषयवस्तुलाई स्पष्ट पार्न र त्यसको सीमा निर्धारण गर्न तयार गरिएको सामग्री मात्र हो । यसरी विषयबस्तुको संगठनमा पाठ्यक्रम, विषयवस्तु र पाठ्यपुस्तक अन्तरसम्बन्धित मात्र नभई पूरक सामग्री हुन् । तसर्थ विषयवस्तुलाई कक्षागत रुपमा कक्षा १, २ र ३ मा पाठ र कक्षा ४ र ५ मा एकाई र पाठमा संरचित गरिएको छ ।

### हाम्रो ठाकुरबाबा
### कक्षा १

**पाठ १ हाम्रो गाउँ र समुदाय** : परिचय, अवस्थिति, नक्सा, हावापानी जनसङ्ख्या, पेशा झल्किने गरी पाठ बनाउने

**पाठ २ हाम्रो संस्कृति** : थारु भाषाको परिचय, नेपाली भाषाको परिचय, स्थानीय चाडपर्वको परिचय

**पाठ ३ हाम्रो सम्पदा** : वनस्पति, जनावर, पर्यटकीय स्थल
**पाठ ४ म र मेरो विद्यालय** : विद्यालय बगैचा र सरसफाई
**पाठ ५ हाम्रो स्वास्थ्य** : स्वस्थ घर, सुरक्षित परिवार
**पाठ ६ हाम्रो वडा कार्यालय** : वडा कार्यालयको परिचय

**कक्षा २**

**पाठ १ हाम्रो गाउँ र समुदाय** : परिचय, अवस्थिति, नक्सा, हावापानी जनसङ्ख्या, पेशा, व्यवसाय झल्किने गरी पाठ बनाउने
**पाठ २ हाम्रो संस्कृति** : थारु भाषाको परिचय, नेपाली भाषाको परिचय, चाडपर्वको परिचय, माघी र आइतवारी
**पाठ ३ हाम्रो सम्पदा** : सामुदायिक वन, जल सम्पदा
**पाठ ४ म र मेरो विद्यालय** : विद्यालय बगैचा र फोहर व्यवस्थापन
**पाठ ५ हाम्रो स्वास्थ्य** : सफा र सुरक्षित घरको परिचय
**पाठ ६ हाम्रो वडा कार्यालय** : वडा समिति र वडा कार्यालयबाट प्रवाह हुने सेवाहरु

**कक्षा ३**

**पाठ १ हाम्रो गाउँ र समुदाय** : परिचय, जनसङ्ख्या, भूगोल, आर्थिक क्रियाकलाप
**पाठ २ हाम्रो संस्कृति** : थारु नाच, सखिया, मयुर नाच, हुड्के नाच
**पाठ ३ हाम्रो सम्पदा** : ठाकुरद्वारा मदिर
**पाठ ४ म र मेरो विद्यालय** : हरित विद्यालयको परिचय, सफा र स्वस्थ, सुरक्षित र शान्त विद्यालयको परिचय
**पाठ ५ हाम्रो स्वास्थ्य** : पूर्ण सरसफाइयुक्त घर, पोषणको परिचय
**पाठ ६ हाम्रो नगरपालिका** : परिचय, नक्सा अध्ययन

**कक्षा ४**

**एकाई १ : हाम्रो स्थानीय भूगोल र समाज**

पाठ १ - ठाकुरबाबा न.पा.को परिचय
पाठ २ - ठाकुरबाबाको गुरुयोजना
पाठ ३ - मुख्य पेशा व्यवसायहरु

**एकाई २ : हाम्रो संस्कृति र प्रविधि**

पाठ १ - थारु जाति र परम्परा (गोदना)
पाठ २ - स्थानीय मौलिक प्रविधिहरु (ढकिया, माछा समाउने जाल,.........)
पाठ ३ - सूचना तथा सञ्चार प्रविधिको महत्त्व

**एकाई ३ : हाम्रा महत्वपूर्ण सम्पदाहरु**

पाठ १ - सामुदायिक वन

पाठ २ - बर्दिया राष्ट्रिय निकुञ्ज

पाठ ३ - थारु सङ्ग्रहालय

पाठ ४ होम स्टे तथा पर्या पर्यटनको परिचय

**एकाई ४ : हामी, हाम्रो विद्यालय र वातावरण**

पाठ १ - हरित विद्यालयका पक्षहरु

पाठ २ - ठाकुरबाबाका सम्भावित विपद्हरु (बाढी, आगलागी, लु, शितलहर.......)

पाठ ३ - दिगो विकासको परिचय

**एकाई ५ : हामी र हाम्रो स्वास्थ्य**

पाठ १ - सिकलसेलको परिचय

पाठ २ - पोषणको महत्व

पाठ ३ - स्थानीय खेल

**एकाई ६ : हाम्रो स्थानीय सरकार र सामाजिक संस्थाहरु**

पाठ १ - नगर कार्यपालिकाको गठन र कार्यहरु

पाठ २ - हाम्रो सहकारिता (सहकारीको परिचय)

पाठ ३ - ठाकुरबाबा न.पा.का विकासका पूर्वाधारहरु

**कक्षा ५**

**एकाई १ : हाम्रो स्थानीय भूगोल र समाज**

पाठ १ - ठाकुरबाबा न.पा.को परिचय

पाठ २ - ठाकुरबाबाको गुरुयोजना

पाठ ३ - ठाकुरबाबाको लापा योजना

**एकाई २ : हाम्रो संस्कृति र प्रविधि**

पाठ १ - हाम्रो समुदाय र मुख्य परम्परा

पाठ २ - स्थानीय प्रविधिहरु

पाठ ३ - सूचना तथा सञ्चार प्रविधि र विकास

**एकाई ३ : हाम्रा महत्वपूर्ण सम्पदाहरु**

पाठ १ - महत्वपूर्ण धार्मिक स्थलहरु

पाठ २ - पर्यटकीय स्थलहरु

पाठ ३ - बर्दिया राष्ट्रिय निकुञ्ज (प्रमुख वन्यजन्तु, चरा र वासस्थान,...... )

पाठ ४ - जलसम्पदा

**एकाई ४ : हामी, हाम्रो विद्यालय र वातावरण**

पाठ १ - हरित विद्यालयको महत्व

पाठ २ - ECO Club गठन र कार्यहरु

पाठ ३ - विपद्का सम्भावित जोखिमपूर्ण स्थान र व्यवस्थापन

**एकाई ५ : हामी र हाम्रो स्वास्थ्य**

पाठ १ - स्थानीय संक्रामक रोगहरु

पाठ २ - सिकलसेलको असर र उपचार

पाठ ३ - सुनौला १,००० दिनको परिचय र महत्त्व

**एकाई ६ : हाम्रो स्थानीय सरकार र सामाजिक संस्थाहरु**

पाठ १ - नगर सभाको गठन र कार्यहरु

पाठ २ - न्यायिक समिति र यसका कार्यहरु

पाठ ३ - हाम्रा विकासका प्रमुख आयोजनाहरु

पाठ ४- सामाजिक संस्थाको भूमिका (रेडक्रस, वेस, मध्यवर्ती क्षेत्र उपभोक्ता समिति)

**८. शिक्षण सिकाइ सहजीकरण प्रक्रिया :**

शिक्षण सिकाइ सहजीकरण प्रक्रिया भन्नाले विद्यार्थी, विषयवस्तु र शिक्षकबिचको प्रभावकारी अन्तरक्रिया हो । जोन डिबेका अनुसार विद्यार्थीले आफनो वातावरणसँग अन्तरक्रिया गरेर सिक्छ । जेरोम ब्रुनरले सिकाइ एक सामाजिक प्रक्रिया हो भन्छन् भने भिगोत्स्कीले प्रौढ र अनुभवी व्यक्तिसँगको अन्तरक्रियाबाट सिकाई हुने कुरामा जोड दिन्छन् । त्यसैगरी जर्ज इभानका भनाइमा "Every student can learn. Just not on the same day or in the same way" अतः सिकाई एक अन्तरक्रियात्मक प्रक्रिया हो र यो वैयक्तिक हुन्छ, जहाँ बालक केन्द्रमा हुनुपर्दछ । यसरी बालकको सिकाइ प्रक्रियाको वातावरण सिर्जना गर्नु नै सहजीकरण हो । सिकाई सहजीकरणका कौशलहरू यसप्रकार हुन सक्छन्:

१. आगमन, निगमन विधि ( Rule-Eg and Eg- Rule)
२. छलफल
३ प्रश्नोत्तर (APPLE Technique)
४. अवलोकन
५. सामुदायिक सेवा (Service Learning)
६. स्रोतव्यक्तिबाट ज्ञानको हस्तान्तरण
७. क्षेत्र भ्रमण
८. परियोजनामा आधारित सिकाइ ( Project Based Learning)
९. समस्यामा आधारित सिकाइ (Problem Based Learning)
१०. सहयोगात्मक सिकाइ (Cooperative Learning)

**९. मूल्याङ्कन :**

मूल्याङ्कन विशेष गरी दुई प्रकारको हुनेछ : निर्माणत्मक र निर्णयात्मक । निर्माणात्मक मूल्याङ्कन अन्तर्गत विद्यार्थीको कार्यकलापको निरीक्षण, सामुहिक सहभागिता, लिखित परीक्षा, अतिरिक्त कार्यकलाप, कक्षाकार्यको अवलोकन र कार्य सञ्चयिका हुनेछन् र कक्षोन्नतिका लागि

निर्माणात्मक र आवधिक परीक्षाहरुलाई आधार मानिने छ । भनिन्छ, मूल्याङ्कन एक यस्तो यन्त्र हो जसले सिकाइलाई सञ्चालन गर्छ । तसर्थ सिकाइ र मूल्याङ्कन सँगसँगै जानु पर्दछ । अतः स्थानीय तहको पाठ्यक्रमले विद्यार्थीको समग्र विकासका लागि निम्नानुसार क्रियाकलापद्वारा मूल्याङ्कन गर्नुपर्ने हुन्छ । विशेष गरी सिकाइका लागि मूल्याङ्कन ( Assessment for Learning) भन्ने कुरालाई जोड दिइने छ ।

१. आवधिक परीक्षा ५० प्रतिशत

२. निरन्तर मूल्याङ्कन ५० प्रतिशत

निरन्तर मूल्याङ्कनका लागि निम्नानुसार गर्ने जसका लागि प्रत्येक विद्यार्थीको कार्य सञ्चयिका (Portfolio) तयार गर्नु पर्नेछ ।

| | |
|---|---|
| क) परियोजना कार्य | १० |
| ख) सामुदायिक सेवा | १० |
| ग) कक्षा सहभागिता | १० |
| घ) सामुहिक कार्य र प्रस्तुति | १० |
| ङ) अनुशासन | १० |

सबै एकाइको प्रयोगात्मक मूल्याङ्कन गर्नुपर्ने छ । कक्षा १, २ र ३ मा ५० प्रतिशत र कक्षा ४ र ५ को २५ प्रतिशत प्रयोगात्मक हुनेछ ।

## १०. कक्षा (१-५) को पाठ्यक्रम ढाँचा

| क्र. स. | | साप्ताहिक पाठ्यभार र पूर्णाङ्क | | | |
|---|---|---|---|---|---|
| | | कक्षा १-३ | | कक्षा ४-५ | |
| | | पाठ्यभार | पूर्णङ्क | पाठ्यभार | पूर्णङ्क |
| १ | नेपाली | ८ | १०० | ८ | १०० |
| २ | अंग्रेजी | ५ | १०० | ५ | १०० |
| ३ | गणित | ६ | १०० | ६ | १०० |
| ४ | सामाजिक अध्ययन तथा सिर्जनात्मक कला | ६ | १०० | - | - |
| ५ | विज्ञान, स्वास्थ्य र शारीरिक शिक्षा | ५ | १०० | - | - |
| ६ | सामाजिक अध्ययन | - | - | ५ | ७५ |
| ७ | सिर्जनात्मक कला | - | - | ३ | २५ |
| ८ | विज्ञान तथा वातावरण | - | | ४ | ५० |
| ९ | स्वास्थ्य तथा शारीरिक शिक्षा | - | - | ४ | ५० |
| १० | मातृभाषा र **स्थानीय विषय** | ४ | १०० | ४ | १०० |
| | जम्मा | ३४ | ६०० | ३९ | ६०० |

## ११. विषय विस्तृतीकरण :

हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम ( पूर्णाङ्क १००,

कक्षा ५

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | मुख्य उद्देश्य | विषय विस्तृतीकरण |
|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय भूगोल र समाज | विविधतामा एकता हाम्रो ठाकुरबाबा | ठाकुरबाबा नगरपालिकाको सामाजिक, भौगोलिक र जनसंख्याको जानकारी दिने | ठाकुरबाबाको सामाजिक संरचनाको पृष्ठभूमि, जीव वनस्पती, हावापानी र विभिन्न जातजातिको जनसंख्या सम्बन्धी जानकारी दिने । |
| १.१ | | व्यवसायिक प्रवर्द्धन | ठाकुरबाबा नगरपालिका क्षेत्रमा सञ्चालित पेशा, व्यवसाय, प्रवर्द्धनका उपायहरू बताउने । | पेशा र व्यवसायको परिचय, महत्व, प्रभाव - प्रवर्द्धन र संरक्षणका उपायहरूबारे बताउने । |
| २ | हाम्रा साँस्कृतिक परम्परा प्रविधि | सामाजिक एकता | ठाकुरबाबा नगरपालिका क्षेत्रका समुदायहरूमा भएको सामाजिक, सास्कृतिक, भाषिक, विविधताभित्र एकता रहेको सन्देश दिने | विभिन्न जाति, भाषा र संस्कृतिका परम्परा, चालचलन, मुख्य पर्व र समाजिक सदभावबारे प्रक्ष्ट पार्ने |
| २.१ | | चिठीपत्र देखि विद्युतिय हुलाकसम्म | सूचना, सञ्चार र प्रविधिको एतिहासिक विकासक्रमबारे जानकारी दिने | सञ्चारका, सूचनाका, प्रविधिका विगतदेखि बर्तमान सम्मका वस्तु, साधन, सामाग्रीसंग परिचित बनाउने - जस्तै चिठी, मोवाइल, इमेल) |
| ३ | हाम्रा महत्वपूर्ण निधिहरू | हाम्रो शान बर्दिया राष्ट्रिय निकुञ्जको पहिचान | बर्दिया राष्ट्रिय निकुञ्जको परिचय, महत्व र संरक्षणका उपायहरूको वारेमा जानकारी दिने । | राष्ट्रिय निकुञ्ज भित्र रहेका जीव वनस्पति, नदीनाला र पर्यटकीय सम्भावनाबारे जानकारी दिने |
| ३.१ | | हाम्रो कला र संस्कृति | कला र संस्कृतिको महत्व र संर क्षणका उपायहरू बताउने । | मौलिक कला संस्कृतिहरू जस्तै संग्राहालय, पुस्तक, लोकगीत, पुस्तान्तरण आदि मार्फत जोगाउन सकिने महत्व बोध गराउने । |
| ४ | हामी र हाम्रो विद्यालय वातावरण | हरित विद्यालय र दिगो विकासको अवधारणा | हरित विद्यालयको आवश्यकता र महत्व स्पष्ट पार्ने दिगो विकास र वातावरण संरक्षण सम्बन्धि सामान्य जानकारी गराउने | हरित विद्यालय निर्देशिकामा उल्लेख भए अनुसार, हरित विद्यालयको आवश्यकता र महत्व स्पष्ट पार्ने । दिगो विकास र वातावरण बिचको सम्बन्ध बोध गराउने । |
| ५ | हामी र हाम्रो स्वास्थ्य | रोगहरू | कुनै ८ वटा सर्ने र नसर्ने रोगका बारेमा जानकारी दिने | झाडापखाला, दादुरा, रुघाखोकी, सिकलसेल, मधुमेह, दम, उच्च रक्तचाप र क्यान्सरको बारेमा जानकारी दिने |
| ६ | हाम्रो स्थानीय सरकार र सामाजिक संघ संस्था | नगर सभा र न्यायिक समिति | नगरसभा र न्यायिक समितिको परिचय, गठन प्रक्रिया र कार्यहरूवारे जानकारी दिने | नगरसभाको परिचय र यसले गर्ने पाँच मुख्य कार्यको जानकारी दिने न्यायिक समितिको गठन प्रक्रिया र त्यसका कार्यहरू बताउने । |
| | | ठाकुरबाबा नगर पालिका भित्रका मुख्य विकासका अयोजनाहरू | यस नगरपालिका क्षेत्रभित्र रहेका विकासका आयोजनाहरूको सामान्य जानकारी दिने | यस क्षेत्रमा सञ्चालित कुनै ५ वटा ठूला आयोजनाहरूको जनकारी दिने |
| | | स्थानीय स्तर मा कार्यरत संघ संस्थाहरू | स्थानीय स्तरमा कार्यरत कुनै पाँचवटा संघ संस्थाहरूबारे जानकारी दिने | NGO, INGO, CBO, आदि |

पाठ्यभार १२८, साप्ताहिक पठन पिरियड ४)

| शिक्षण विधि | सामाग्री | घण्टी | मूल्यांकन |
|---|---|---|---|
| नक्सा अध्ययन, पुस्तक अध्ययन, अवलोकन, शब्दचित्र वर्णन, प्रश्नोत्तर, छलफल | ठाकुरबाबा नगरपालिका भित्र रहेका जाति, भूगोल र जनसंख्या उल्लेखित नक्सा, तस्विर, बुलेटिन, सूची | १० | ५० नि<br>५० आ |
| स्थलगत अध्ययन, खोज अनुसन्धान, क्षेत्र भ्रमण, प्रश्नोत्तर, छलफल | ठाकुरबाबा नगरपालिकाका क्षेत्रभित्र सञ्चालित व्यवसाय, पेशा र तिनको संरक्षणका उपाय उल्लिखित शब्दचित्र, सूची | १० | |
| नाटकीकरण , डकुमेण्ट्री प्रदर्शन, क्षेत्र भ्रमण, प्रश्नोत्तर, | सामाजिक सद्भाव झल्किने वस्तु शब्दचित्र, डकुमेण्ट्री, सूची र पुस्तक | १० | ५० नि<br>५० आ |
| प्रयोगात्मक समस्या समाधान, प्रश्नोत्तर, वस्तुचित्र अध्ययन । | चिठिका नमुना, कम्प्युटर, मोवाइल, चित्र, वस्तु , सूची | १० | ५० नि<br>५० आ |
| क्षेत्र भ्रमण, डकुमेण्ट्री, अध्ययन, प्रत्यक्ष भेटघाट, प्रश्नोत्तर, खोज । | निकुञ्ज र त्यस भित्रका विविध पक्षको जानकारी दिने श्रव्य दृश्य, लेखा मुद्रित सामाग्री | २० | |
| भूमिका निर्वाह, संग्राहालय अवलोकन, पुस्तक अध्ययन, प्रश्नोत्तर, छलफल, क्षेत्र भ्रमण, डकुमेण्ट्री प्रदर्शन, अध्ययन, अवलोकन | मौलिक संस्कृतिको महत्व र संरक्षणका उपाय उल्लेखित सूची, डकुमेण्ट्री | १० | ५० नि<br>५० आ |
| शब्दचित्र वर्णन, प्रश्नोत्तर, छलफल, अवलो कन । | हरित विद्यालयको आवश्यकता र महत्व उल्लेखित सूची, दिगो विकासको लक्ष्य र यसको वातावरण संरक्षण संगको सम्बन्ध रहेको शब्द, चित्र । | १० | ५० नि<br>५० आ |
| शब्दचित्र वर्णन, हेर, चिन र भन, प्रश्नोत्तर, छलफल, अवलोकन । | विभिन्न रोग र तिनको नाम उल्लेखित, चित्र, सूची र लक्षण | १० | ५० नि<br>५० आ |
| भूमिका निर्वाह, स्थलगत अवलोकन, प्रत्यक्ष भेटघाट, छलफल, प्रश्नोत्तर | नगरसभा गठन र न्यायिक समिति भएको शब्दचित्र, तिनका कार्य उल्लेखित सूची | १० | ५० नि<br>५० आ |
| स्थलगत अध्ययन, पाठ्यपुस्तक अध्ययन, प्रश्नोत्तर, अवलोकन, शब्दचित्र पहिचान | विकासका योजनाहरुको सूची, चित्र । | १० | ५० नि<br>५० आ |
| पुस्तक अध्ययन, खोज, प्रश्नोत्तर, छलफल, | यस नगरपालिका भित्र काम गर्ने संघ संस्थाहरुको सूची | १० | ५० नि<br>५० आ |

## हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम (पूर्णाङ्क १००, कक्षा ४

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | मुख्य उद्देश्य | विषय विस्तृतिकरण |
|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय भूगोल र समाज | हाम्रो सामाजिक भूगोल | ठाकुरबाबा नगरपालिकाको सामाजिक संरचना र भूगोल सम्बन्धि ज्ञान दिने | यस क्षेत्रमा वसोवास गर्ने विभिन्न जाति, भाषा, धर्म र समुदायका मानिसहरुले यहाँका समाजलाई पारेको सकारात्मक प्रभाववारे जानकारी दिने |
| | | हाम्रा महत्वपूर्ण योजनाहरु | ठाकुरबाबा नगरपालिकाले तयार पारेको गुरुयोजनाबारे जानकारी दिने | यस नगर क्षेत्रका अल्पकालीन र दीर्घकालीन योजनाहरुको वारेमा सामान्य जानकारी दिने पारिवारिक योजना दैनिक योजना, पाठ योजना मार्फत |
| २ | हाम्रा साँस्कृतिक परम्परा र प्रविधि | हाम्रा साँस्कृतिक मूल्य, मान्यताहरु | परम्परादेखि चलिआएका सामाजिक तथा साँस्कृतिक मूल्य मान्यतासंग परिचित गराउने सामाजिक कुरीति र कुसंस्कार विरुद्ध सचेत बनाउने | सामाजिक मूल्यभित्र आफ्नो मातृभाषा, संस्कृति, परम्परागत चालचलन पर्व र समुदायको वारेमा जानकारी दिने आफ्नो समाजमा चलिरहेको वालविवाह, बहुविवाह, वालश्रम, छाउपडि प्रथा, कमैयाप्रथाको बारेमा जानकारी गराउने |
| | | सूचना, सञ्चार र स्थानीय प्रविधिको प्रयोग | चिठी, मोवाइल, कम्प्युटर, ढिकी, जांतो, घट्ट, मिल, कोलको उपयोगिता बताउने | चिठी, मोवाइल, कम्प्युटर, ढिकी, जांतो, घट्ट, मिल, कोलको प्रत्यक्ष अवलोकन, प्रयोग |
| ३ | हाम्रा महत्वपूर्ण निधिहरु | प्राकृतिक श्रोतहरु | वनजङ्गलको महत्व र संरक्षणका उपायहरुको वारेमा जानकारी दिने, ठाकुरबाबा न.पा. भित्रका कुनै पांचवटा प्राकृतिक श्रोतहरुको पहिचान गर्न लगाउने | वनजङ्गलको सम्बन्ध, हनम्रो जीवन र स्वस्थ्यसंग घनिष्ठ रहेको कुरा हाम्रो आवश्यकतासंग जोडेर प्रष्ट पार्ने जङ्गल, नदी, ढुंगा जडीबुटी पाइने पाइने ठाउंको स्पष्ट जानकारी दिने |
| ३.१ | | पारिस्थितिक प्रणाली | स्थलीय र जलीय पारिस्थितिक प्रणालीको समान्य जानकारी दिनु | जलचर र स्थलचर प्राणीका अवलोकन गराएर धारणा स्पष्ट पार्ने |
| ४ | हामी र हाम्रो विद्यालय वातावरण | दिगो विकास | दिगो विकासको परिचय दिने | दिगो विकासको लक्ष्य र नेपालले गरेको परिकल्पनाको सामाग्री मार्फत परिचित गराउने |
| ४.१ | | वातावरण संरक्षण | वातावरण संरक्षणका कुनै पांचवटा उपाय बताउने | वातावरण संरक्षणका लागि वृक्षारोपण, सचेतना कार्यक्रम, पानीको मुहान सफाइ, ध्वनि प्रदुषण, नियन्त्रणका तरिकाहरुबारे जानकारी दिने |
| ४.२ | | जडीबुटीको महत्व | यस क्षेत्रमा पाइने स्थानीय जडीबुटी र तिनको महत्वबारे जानकारी दिने | ठाकुरबाबा नगरपालिकामा पाइने कुनै पाँचवटा जडीबुटीको सचित्र वर्णन गराउने । |
| ५ | हामी र हाम्रो स्वास्थ्य | पोषण सुनौला हजार दिन | पोषणजन्य समस्या र तिनको दिगो व्यवस्थापन बारे सामान्य जानकारी दिने, सुनौला हजार दिनको परिचय र महत्व बोध गराउने | पोषणको परिचय, पोषण्युक्त खानेकुरा, कुपोषण जस्ता विषयवस्तु मार्फत धारणा स्पष्ट पार्ने सुनौला हजार दिनको सुरुवात, उद्देश्य, यसले स्वास्थ्यमा पार्ने प्रभाव र महत्व बोध गराउने |
| ६ | हाम्रो स्थानीय सरकार र सामाजिक संघ संस्था | नगर कार्यपालिका | नगरपालिकाको गठन प्रक्रिया र कार्यहरुवारे जानकारी दिने | नगरपालिकाको परिचय, प्रमुख ५ वटा कार्य, गठन प्रक्रियाको सामान्य जानकारी |
| ६.१ | | विकासका योजनाहरु | यस नगरपालिका क्षेत्रभित्र रहेका विकासका पूर्वाधारहरुबारे जानकारी दिने | यस क्षेत्रमा रहेका शिक्षा, स्वास्थ्य, खानेपानी, यातायात, सञ्चारको जनकारी दिने |

पाठ्यभार १२८, साप्ताहिक पठन पिरियड ४)

| शिक्षण विधि | सामाग्री | घण्टी | मूल्यांकन |
|---|---|---|---|
| नक्सा अध्ययन, क्षेत्र भ्रमण, शैक्षिक अवलोकन, अवस्था अध्ययन, प्रश्नोत्तर | नक्सा, समाज र भूगोलको बनोट भएको चित्र सूची | १० | ५० नि<br>५० आ |
| समस्या समाधान, प्रश्नोत्तर, परियोजना कार्य | पाठ्यपुस्तक, नगरपालिकाको गुरुयोजनाको छाँया प्रति | १० | |
| श्रव्य, वाच्य, भूमिका निर्वाह,नाटकीकरण खेल, प्रश्नोत्तर, अवलोकन | परम्परागत मूल्य मान्यता उल्लिखित चार्ट, डकुमेण्ट्री, समाजिक कुसंस्कार विरोध गरेको तस्विर, पोष्टर, लेख, रचना, पुस्तक | १० | |
| प्रत्यक्ष अवलोकन,प्रयोग, समस्या समाधान, सुन, हेर र गर | पाठले तोकेको शिर्षक अनुसारका वस्तुचित्रहरु | १० | |
| क्षेत्र भ्रमण, समस्या समाधान, हेर, सुन र गर, शब्दचित्र, अध्ययन, प्रश्नोत्तर | प्राकृतिक श्रोतहरु उल्लेख भएको तालिका सूची, चित्र | १५ | |
| अवलोकन, क्षेत्रभ्रमण, प्रत्यक्ष भेटघाट, शब्दचित्र | पानीमा र जमिनमा पाइने प्राणि र वनस्पतिको सूची | १५ | |
| पाठ्यपुस्तक, बुलेटिन, अध्ययन, प्रश्नोत्तर, छलफल | दिगो विकासको लक्ष्य सहितको सूची | १० | |
| पठ्य, श्रव्य अवलोकन, भ्रमण, शब्दचित्र वर्णन, प्रश्नोत्तर, प्रयोगात्मक, अवलोकन | वातावरण संरक्षण गर्ने उपाय लेखिएको सूचीचित्र | ५ | |
| शब्दचित्र, अध्ययन, प्रश्नोत्तर,हेर, चिन र भन | स्थानीय स्तरमा पाइने जडीबुटीको नमूनायुक्त वस्तु, चित्र | ५ | |
| अवलोकन, प्रश्नोत्तरहेर, पढ र भन<br><br>स्थानीय स्वास्थ्य कार्यकर्तासंग प्रत्यक्ष भेट, छलफल, प्रश्नोत्तर | पोषणको कमलि हुने समस्या र तिनको दिगो समाधान उल्लिखित सूचीहरु, चित्र सुनौला हजार दिनको चक्रयुक्त लेख, श्रव्य र दृश्य सामग्री | १०<br><br><br>५ | |
| भूमिका निर्वाह, नाटकीकरण, छलफल, क्षेत्र भ्रमण | नगरपालिकाको गठन प्रक्रिया र कार्यहरु उल्लेखित शब्दचित्र, सूची | १० | |
| क्षेत्र भ्रमण, अवलोकन, प्रश्नोत्तर, खोज | विकासका पूर्वाधार उल्लेखित शब्दचित्र, सूची | ८ | |

हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम (पूर्णाङ्क १००,

कक्षा ३

| क्र. सं | विषय क्षेत्र | विषयवस्तु | मूख्य उद्देश्य | विषय विस्तृतिकरण |
|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय भूगोल र समाज | हाम्रो स्थानीय तह | ठाकुरबाबा नगरपालिकाको स्थापना र विकास सम्बन्धि जानकारी दिने | स्थानीय तहको स्थापना यसले तय गरेको विकासको खाका र महत्वपूर्ण योजनाहरुको सामान्य जानकारी दिने । |
| १.१ | | हाम्रो जनसंख्या र वातावरण | ठाकुरबाबा नगरपालिकाको कुल जनसंख्या र हावापानीको समान्य जानकारी दिने | यस क्षेत्रमा बसोवास गर्ने जम्मा जनसंख्या र हावापानी वनस्पति र त्यसको प्रभावबारे जानकारी प्रदान गर्ने |
| १.२ | | स्थानीय पेशा र व्यवसायहरु | ठाकुरबााब नगरवासीका कुनै ६ वटा पेश र व्यवसायको प्रभावकारिता बताउन सक्ने | ठाकुरबाबाा नगरपालिका भित्रका कृषि , पशुपालन , उद्योग, रोजगारी, व्यापार, पर्यटन जस्ता व्यवसायले यस नगरपालिकामा पारेको सकारात्मक प्रभावको जानकारी दिने । |
| २ | हाम्रा साँस्कृतिक परम्परा प्रविधि | हाम्रो सामाजिक पहिचान | ठाकुरबाबा नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजाति, समुदाय र तिनको पहिचान सम्बन्धि जानकारी दिने | यस नगर क्षेत्रमा वसोवास गर्ने विभिन्न समुदायको चालचलन, भेषभुषा, र उनीहरुको मूख्य वसोवास क्षेत्रको जानकारी दिने । |
| २.१ | | हाम्रो भाषा संस्कृति र चाडपर्वहरु | यस नगरपालिका क्षेत्रमा बसोवास गर्ने थारु र नेपाली भाषीहरुको भाषिक अवस्थाको वारेमा जानकारी दिने आफूले मनाउने कुनै २ वटा चाडपर्वको बारेमा मौखिक र लिखत बर्णन गर्न सक्ने बनाउने । | यस क्षेत्रमा बोलिने थारु र नेपाली भाषीको पहिचान हुने खालको सामग्री मार्फत भाषिक जानकारी गराउने आन्तरिक निरन्तर मूल्यांकन गर्दा मौखिक र लिखित रुपमा २ वटा चाडपर्वको वारेमा बताउन लगाउने । |
| २.२ | | सूचना र सञ्चार प्रविधि | परम्परागत र वर्तमान समयमा प्रचलित सूचना र सञ्चार प्रविधिको महत्व बोध गराउने । | वालवालिकाको घरमा प्रचलित सूचना, सञ्चार प्रविधिका सामाग्रीहरुको सूची तयार गरी तिनले गर्ने कार्यहरु समेत उल्लेख गरेर मौखिक तथा लिखित वर्णन गर्न लगाउने । |
| ३ | हाम्रा महत्वपूर्ण निधिहरु | हाम्रा प्राकृतिक सम्पदाहरु | प्राकृतिक सम्पदाहरुको परिचय र महत्व बोध गराउने । | यस क्षेत्रमा रहेका वनजङ्गल, तालतलैया, नदीनाला र निकुञ्जको परिचय र महत्व बोध गराउने । |
| ३.१ | | साँस्कृतिक कलाकृति र सङ्ग्रहालय | यस क्षेत्रमा रहेका विभिन्न समुदायहरुको कलाकृति र सङ्ग्रहालयको बारेमा जानकारी गराउने । | यस क्षेत्रमा रहेका विभिन्न समुदायको कला र संस्कृति झल्किने बस्तु, शब्दचित्र मार्फत महत्व बोध गराउने । |
| ४ | हामी र हाम्रो विद्यालय वातावरण | हरित विद्यालय | हरित विद्यालयको आवश्यकता र महत्व बोध गराउने । | हरित विद्यालयको छोटो चिनारी दिएर यसको आवश्यकता र महत्वलाई ५ वटा बुँदामा स्पष्ट पार्ने । |
| ४.१ | | हाम्रो फुलवारी | आफ्नो विद्यालय भित्र फुलवारी निर्माण गर्न लगाउने । | विद्यालय परिसर भित्रको उपयुक्त स्थानमा विभिन्न समूहको छुट्टाछुटै फुलवारी तयार गर्न लगाउने । |
| ५ | हामी र हाम्रो स्वास्थ्य | स्वास्थ्य शिक्षा | स्वास्थ्य शिक्षाको आवश्यकता र महत्व बोध गराउने । | स्वस्थ घर, व्यक्तिगत स्वास्थ्य, पूर्ण सरसफाइको आवश्यकता र महत्व बोध गराउने |
| ५.१ | | योग शिक्षा | योग शिक्षाको सामान्य परिचय र महत्व बोध गराउने । | योगा, ध्यान र शारिरिक व्यायाम गर्न लगाएर यसको महत्व बोध गराउने । |
| ६ | हाम्रो स्थानीय सरकार र सामाजिक संघ संस्था | नगरपालिका | नक्साको आधारमा आफ्नो नगरपालिका छुट्याउन सक्ने बनाउनु । | बर्दिया जिल्लाका सबै स्थानीय तह भएको नक्साबाट आफ्नो स्थानीय तह छुट्ट्याउन लगाउने । |
| ६.१ | | नगर कार्यपालिका | नगर कार्यपालिकाको सामान्य जानकारी दिने । | शब्दचित्र र नगरपालिकाको संरचनायुक्त चित्रद्धारा नगर कार्यपालिकाको अवधारणा स्पष्ट पार्ने । |

पाठ्यभार १२८, साप्ताहिक पठन पिरियड ४)

| शिक्षण विधि | सामाग्री | घण्टी | मूल्यांकन |
|---|---|---|---|
| पठनबोध, प्रश्नोत्तर, छलफल, प्रत्यक्ष भेटघाट, नक्सा अध्ययन | पाठ्यपुस्तक, नगरपालिकाको स्थापना र विकास सम्बन्धि लेखिएका बुलेटिन | ७ | निरन्तर |
| पाठ्यपुस्तक अध्ययन, क्षेत्र भ्रमण, छलफल र प्रश्नोत्तर | यस नगरपालिकाको कुल जनसंख्या भएको तालिका, हावापानी र वनस्पति उल्लेखित चित्रहरु | ८ | |
| स्थलगत भ्रमण, परियोजना कार्य, पाठ्यपुस्तक अध्ययन, प्रश्नोत्तर, छलफल, अवलोकन | स्थानीय तहमा सस्चालित विभिन्न व्यवसाय उल्लेखित शब्दचित्र र सूची | ७ | |
| क्षेत्र भ्रमण, पुस्तक अध्ययन, छलफल, प्रश्नोत्तर, शब्दचित्र वर्णन | विभिन्न समुदायको पहिचान झल्किने लेख, रचना र पुस्तक | ८ | |
| भूमिका निर्वाह, पाठ्यपुस्तक अध्ययन, प्रश्नोत्तर, खोज र अवलोकन | पाठ्यपुस्तक, भाषिक जानकारी भएको सूची, मुख्य चाडपर्व उल्लेखित सूची | ८ | |
| क्षेत्र भ्रमण, अवलोकन, पाठ्यपुस्तक, प्रश्नोत्तर, शब्दचित्रमा वर्णन, खोज | डकुमेण्ट्री, सूचना र सञ्चारका साधनहरु उल्लेखित शब्दचित्र | ६ | |
| | प्राकृतिक सम्पदाहरु उल्लेखित सूची | १५ | |
| संग्राहालय भ्रमण, भूमिका निर्वाह, वस्तु चित्र वर्णन, प्रश्नोत्तर, छलफल । | साँस्कृतिक पहिचान, कलाकृति झल्किने वस्तु, चित्र,पोष्टर | १५ | |
| श्रव्य वाच्य, पठनबोध, प्रश्नोत्तर, वस्तुचित्र वर्णन, डकुमेण्ट्री प्रदर्शनी | हरित विद्यालयको महत्व बोध हुने खालका लेख, श्रव्य र दृश्य सामग्री | १० | |
| समूह कार्य, प्रयोगात्मक अभ्यास, खोज, अवलोकन, प्रदर्शन । | फुलका विउ, विरुवा, कृषि औजार | १० | |
| भूमिका निर्वाह, अवस्था अध्ययन, अवलोकन, प्रश्नोत्तर, छलफल | विभिन्न खाले वस्तु, चित्र, पुस्तक, पत्रपत्रिका | ५ | |
| अभिनय, समस्या समाधान प्रयोगात्मक अभ्यास, अवलोकन | विभिन्न योग र ध्यानयुक्त वस्तुचित्र | १० | |
| नक्सा अध्ययन, समस्या समाधान, अवलोकन | बर्दिया जिल्लाका सवै स्थानीय तह भएको नक्सा | १० | |
| नक्सा, चित्र, अध्ययन, पठनवोध, प्रश्नोत्तर, छलफल, प्रत्यक्ष भ्रमण | नगर कार्यपालिकाको संरचनायुक्त वस्तुचित्र | १३ | |

हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम (पूर्णाङ्क १००,

कक्षा २

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | मूख्य उद्देश्य | विषय विस्तृतिकरण |
|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय भूगोल र समाज | मेरो प्यारो ठाकुरबााबा | शब्द चित्र र नक्साको माध्यमबाट ठाकुरबाबा नगरपालिकाको सामान्य चिनारी दिने | ठाकुरबाबा नगरपालिकाको नक्साको माध्यमबाट शब्दचित्र सहितका स्थान, महत्वपूर्ण निधि, भविष्यको योजना झल्किने रङ्गिन शब्दचित्रयुक्त सामग्री मार्फत सामान्य जानकारी गराउने । |
| १.१ | | प्रकृति र जनसंख्या | ठाकुरबाबा नगरपालिकाको जनसंख्या र हावापानीको र वनस्पतिको समान्य जानकारी दिने | यस नगरपालिका क्षेत्रमा हुने मौसम अनुसारको हावापानी, वनस्पति र नगरक्षेत्रको जनसंख्याबारे जानकारी दिने खालका शब्दचित्र युक्त सामाग्री तथ्यांक, एतिहासिक पुस्तकहरुको उपयोग गर्ने । |
| १.२ | | स्थानीय पेशा र व्यवसायहरु | ठाकुरबाबा नगरवासीका कुनै ५ वटा पेशा र व्यवसायको बारेमा जानकारी गराउने | स्थानीय स्तरमा सञ्चालित मूख्य पाँच पेशाा र व्यवसायको सूची तयार गरी त्यसको जानकारी बालबालिकालाई गराउने । |
| २ | हाम्रा साँस्कृतिक परम्परा प्रविधिहरु | हाम्रो सामाजिक संरचना र पहिचान | यस क्षेत्रमा वसोवास गर्ने मुख्य समुदायको रहनसहनको वारेमा जानकारी दिने | यस नगर क्षेत्रमा वसोवास गर्ने विभिन्न समुदायको पहिचान र तिनले मनाउने प्रमुख चाडपर्व, परम्परा रहन सहनको जनकारी गराउने । |
| २.१ | | हाम्रो भाषा र संस्कृति | यस क्षेत्रमा बोलिने नेपाली र थारु भाषा संस्कृतिको जानकारी बोध गराउने | यस क्षेत्रमा बोलिने थारु र नेपाली भाषाको विभिन्न सन्दर्भ श्रोत र द्विभाषिक सामाग्रीको माध्यमले यहाँको भाषा र संस्कृतिको जानकारी दिने |
| २.२ | | सूचना , सञ्चार र स्थानीय प्रविधि | परम्परागत र वर्तमान समयमा प्रचलित सूचना र सञ्चार र स्थानीय प्रविधिको बिचमा फरक छुट्याउन लगाउने । | परम्परागत रुपमा चल्दै आएका सूचना, तथा सञ्चार प्रविधिहरु - हुलाक, रेडियो, टि.भि, ढिकी, जांतो, घट्ट, मिल, आदि सामाग्रीहरुको उदाहरण दिएर पहिचान गर्न र फरक छुट्याउन लगाउने । |
| ३ | हाम्रा महत्वपूर्ण निधिहरु | हाम्रो वरिपरिका धार्मिक तथा पर्यटकीय स्थलहरु | शब्दचित्रको प्रयोग गरी आफ्नो वरपरका धार्मिक र पर्यटकीय स्थलहरु पहिचान गर्न सक्ने बनाउनु | आफ्नो विद्यालय वरपर रहेका मन्दिर , मस्जिद, चर्च, गुम्बा र बर्दिया राष्ट्रिय निकुञ्जका बारेमा परिचय दिने । |
| ३.१ | | वनजंगल र नदीनालाहरु | यस क्षेत्रमा अवस्थित मुख्य वनजंगल र नदीनालाको पहिचान गराउने | ठाकुरबाबा क्षेत्रभित्रका मुख्य वन , नदीनाला र तिनको समान्य उपयोगिता बोध गराउने । |
| ४ | हामी र हाम्रो विद्यालय वातावरण | हरित विद्यालय | हरित विद्यालयका अवधारणाबारे जानकारी दिने | हरित विद्यालयको सिकाइ र वातावरणमा पर्ने सकारात्मक प्रभाव बोध गराउने खालका सामाग्री संकलन गरेर यसको अवधारणाबारे स्पष्ट पार्ने । |
| | | विपद् व्यवस्थापन | विपद् व्यवस्थापनको सामान्य परिचय दिने । | प्राकृतिक र मानवजन्य विपद्हरुको पहिचान दिने खालका वस्तु अवस्था, चित्र आदिको उपयोग गरी अवधारणा स्पष्ट पार्ने |
| ५ | हामी र हाम्रो स्वास्थ्य | पूर्ण सरसफाइ | पूर्ण सरसफाइको सामान्य पहिचान गराउने, व्यक्तिगत स्वास्थ्य र सरसफाइको सम्बन्ध बोध गराउने | पूर्ण सरसफाइयुक्त सामाग्रीको संकलन गरी त्यसले मानवीय स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावको वारेमा प्रष्ट पार्ने |
| ५.१ | | रोगहरु | सर्ने नसर्ने कुनै ४वटा रोगका नाम र तिनका रोकथाम गर्ने उपाय बताउने। | हात्तीपाइले, रुघाखोकी, मलेरिया, सिकलसेल जस्ता रोग, तिनका असर र रोकथामका उपायहरु बताउने |
| ६ | हाम्रो स्थानीय सरकार र सामाजिक संघ संस्था | वडा कार्यालय र प्रदान गरिने सेवाहरु | वस्तुचित्र र शब्दका माध्यमले वडा कार्यालयको बारेमा जानकारी दिने | वडा समितिको सदस्यहरु, वडा कार्यालयबाट प्रदान गरिने ५ वटा कार्य |
| ६.१ | | वडा कार्यालयबाट | वडा कार्यालयबाट प्रदान गरिने कुनै ५ वटा सेवाहरु बताउन सक्ने । | उल्लेखित सामग्रीको माध्यमबाट वडा सम्बन्धी जानकारी गराउने । |

पाठ्यभार १२८, साप्ताहिक पठन पिरियड ४)

| शिक्षण विधि | सामाग्री | घण्टी | मूल्यांकन |
|---|---|---|---|
| शब्दचित्र अध्ययन, पुस्तक अध्ययन, प्रश्नोत्तर क्षेत्र भ्रमण, डकुमेण्ट्री प्रदर्शन | नगरपालिकाको रंगिन नक्सा, पाठ्यपुस्तक लेख, रचना, पत्रपत्रिका | ८ | निरन्तर |
| छलफल ,प्रश्नोत्तर, नक्सा अध्ययन , क्षेत्र भ्रमण अवलोकन । | यस नगरपालिकाको जनसंख्या हावापानी र वनस्पति उल्लेखित रंगिन चित्रहरु, पुस्तक | ८ | निरन्तर |
| क्षेत्र भ्रमण, प्रश्नोत्तर, छलफल, अवलोकन, शब्दचित्र अध्ययन । | स्थानीय तहमा सस्चालित मुख्य ५ वटा पेशा, व्यवसाय उल्लेखित तालिका, चित्र । | ४ | निरन्तर |
| पठनबोध, क्षेत्रभ्रमण, शब्दचित्र अध्ययन, प्रश्नोत्तर | विविधतामा एकता झल्किने शब्दचित्र, मुख्य चाडपर्व, वस्तु, चित्र | ४ | निरन्तर |
| पठनबोध, खेल, अभिनय, प्रश्नोत्तर, पुस्तक अध्ययन, क्षेत्रभ्रमण | भाषा र संस्कृति उल्लेखित चित्र, शब्द, वस्तु, पहिरन | ७ | निरन्तर |
| अवलोकन, प्रश्नोत्तर, शब्दचित्रमा वर्णन, खोज, भिडियो प्रदर्शनी | परम्परा र आधुनिक सूचना, सञ्चार र स्थानीय प्रविधि उल्लेखित वस्तुचित्र , पुस्तक आदि | ६ | |
| क्षेत्र भ्रमण, शब्दचित्र अध्ययन, प्रश्नोत्तर, पढ, भन । | प्राकृतिक सम्पदाहरु उल्लेखित सूची | १५ | |
| मुख्य स्थल अवलोकन, शब्द चित्र वर्णन, प्रश्नोत्तर, समस्या समाधान । | साँस्कृतिक पहिचान, कलाकृति झल्किने वस्तु, चित्र,पोष्टर | १५ | |
| श्रव्यवाच्य, पठनबोध, प्रश्नोत्तर, वस्तुचित्र वर्णन, डकुमेण्ट्री प्रदर्शनी | हरित विद्यालयको महत्व बोध हुने खालका लेख, श्रव्य र दृश्य सामाग्री | १० | |
| वस्तु, चित्र, शब्द र सामाग्री अध्ययन, पठनबोध, श्रुतिविधि, चित्र वर्णन, प्रश्नोत्तर | विपद् सम्बन्धि चित्रहरु, पोष्टरहरु, | | |
| भूमिका निर्वाह, शब्दचित्र वर्णन, प्रश्नोत्तर, छलफल । | पूर्ण सरसफाइ भएको घर विद्यालय, स्वास्थ्य संस्था आदिका तस्विरहरु | १० | |
| शब्दचित्र अध्ययन, प्रश्नोत्तर, छलफल, पाठ्यपुस्तक अध्ययन | सर्ने र नसर्ने रोगका नाम उल्लेखित सूचीचित्र | ५ | |
| भूमिका निर्वाह, खेल, नमूना प्रदर्शनी | बर्दिया जिल्लाका सवै स्थानीय तह भएको नक्सा | १३ | |
| स्थलगत अवलोकन, शब्दचित्र वर्णन । | वडा कार्यालयबाट प्रदान गरिने सेवाहरुको सूची उल्लेखित शब्दचित्र । | १० | |

हाम्रो ठाकुरबाबा स्थानीय पाठ्यक्रम ( पूर्णाङ्क १००,

कक्षा १

| क्र.सं | विषय क्षेत्र | विषयवस्तु | मुख्य उद्देश्य | विषय विस्तृतिकरण |
|---|---|---|---|---|
| १ | हाम्रो स्थानीय भूगोल र समाज | पाठ १<br>हाम्रो गाउं र समुदाय | १ आफ्नो गाउं र समुदायको सामान्य परिचय दिने<br>२ रङ्गिन चित्रहरु हेरेर आफ्नो गाउँको पहिचान गर्न लगाउने | ठाकुरबाबा नगरपालिकाको क्षेत्रभित्र पर्ने विभिन्न गाउं र समुदायको पहिचान खुल्ने रङ्गिन चित्र हेरी खाली ठाउँ भर्न र मौखिक वर्णन गर्न लगाउने |
| १.१ | | पाठ २<br>हाम्रो प्रकृति | ठाकुरबाबा नगरपालिकाको हावापानीको र मुख्य वनस्पतिको सामान्य जानकारी दिन | यस नगरपालिका क्षेत्रमा हुने मौसमी परिवर्तन, मौसम अनुसारको वनस्पति, रहनसहन अवस्थितिको बोध गराउने । |
| १.२ | | स्थानीय पेशा र व्यवसायहरु | आफ्नो घरपरिवार र छिमेकीहरुले अपनाएको कुनै ४ वटा पेशा र व्यवसायको बारेमा जानकारी गराउन | बालबालिकाको घर परवार छरछिमेकमा प्रचलित कृषि, व्यापार, साना उद्योग र रोजगारीको पहिचान गर्न लगाउने । |
| २ | हाम्रा साँस्कृतिक परम्परा प्रविधिहरु | हाम्रो समुदाय | आफ्नो वरपर रहेका विभिन्न समुदायहरुको पहिचान गराउने | ठाकुरबााबा नगर क्षेत्रमा रहेका विभिन्न समुदायहरु जस्तै थारु र अन्यको पहिचान गराउने । |
| २.१ | | हाम्रा चाडपर्वहरु | बालबालिकाको समुदायमा मनाउने कुनै ४ वटा चाडपर्वको बारेमा जानकारी दिने । | बालबालिकालाई दशै, तिहार, माघी र होलीको बारेमा चाडपर्व उल्लेखित शब्द चित्रमार्फत स्पष्ट पार्ने |
| २.२ | | हाम्रो भाषा र संस्कृति | यस क्षेत्रमा बोलिने थारु र नेपाली भाषाको सामान्य जानकारी दिने<br>थारु र डेउडा नृत्यको पहिचन गराउने । | परम्परागत रुपमा चल्दै आएका सूचना, तथा सञ्चार प्रविधिहरु - हुलाक, रेडियो, टि.भि, ढिकी, जांतो, घट्ट, मिल, आदि सामाग्रीहरुको उदाहरण दिएर पहिचान गर्न र फरक छुट्याउन लगाउने। |
| ३ | हाम्रा महत्वपूर्ण निधिहरु | वन | स्थानीय क्षेत्रको मुख्य वन र त्यस भित्रको विभिन्न जीव र वनस्पतिको बारेमा जानकारी गराउने | वनको परिचय, महत्व, फाइदा झल्किने शब्दचित्र उल्लेखित पोष्टर मार्फत आफ्नो वरपर रहेका वन, वनस्पति, नदीनाला र पर्यटकीय स्थलको जनकारी दिने |
| ३.१ | | राष्ट्रिय निकुञ्ज | बर्दिया राष्ट्रिय निकुञ्जको सामान्य परिचय गराउने | बर्दिया राष्ट्रिय निकुञ्जको वस्तुस्थिति झल्किने पोष्टर, चित्र, नक्सामार्फत निकुञ्जको सामान्य जानकारी दिने । |
| ३.२ | | पारिस्थितिक प्रणाली | जलीय र स्थलीय प्रणालीको सामान्य जानकारी गराउने | कुनै चारओटा जलचर र स्थलचर प्राणीहरु र तिनको वासस्थानको प्रत्यक्ष अवलोकन गराएर पारिस्थितिक प्रणालीको धारणा विकास गराउने । |
| ४ | हामी र हाम्रो विद्यालय वातावरण | हरित विद्यालय | शब्द चित्र मार्फत हरित विद्यालयको पहिचान गर्न सक्ने । | बालबालिकाको वरपर रहेका हरियाली भएका विद्यालय र हरियाली नभएका विद्यालय देखाएर छुट्याउन लगाउने । |
| ४.१ | | जोखिम पात्रो | जोखिम पात्रोबाट विपद्को सामान्य जानकारी दिने । | समय अनुसार भैपरी आउने विभिन्न विपद्हरुको पहिचान गराउनका लागि विद्यालयमा जोखिम पात्रो तयार गरेर वालवालिकालाई जोखिमको सामान्य जानकारी दिने |
| ५ | हामी र हाम्रो स्वास्थ्य | स्वास्थ्य र सरसफाई | शब्द, वस्तु र चित्र मार्फत स्वास्थ्य र सरसफाइको जानकारी दिने । | वालवालिकालाई स्वस्थ घर, वातावरण उल्लेखित चित्रहरु देखाएर त्यसको प्रभाववारे छलफल गर्न लगाउने । |
| ५.१ | | सर्ने र नसर्ने रोगहरु | सर्ने र नसर्ने कुनै २ वटा रोगको जानकारी दिने । | हात्तीपाइले, रुघाखोकी, मलेरिया, सिकलसेल जस्ता रोगहरुको तस्विर उल्लेखित सामाग्री मार्फत जानकारी दिने |
| ६ | हाम्रो स्थानीय सरकार र सामाजिक संघ संस्था | वडा कार्यालय | आफ्नो वडा कार्यालय कहाँ छ भन्न सक्ने । | वडा समितिको सदस्यहरु, वडा कार्यालयबाट प्रदान गरिने ५ वटा कार्य |
| ६.१ | | स्वास्थ्य संस्था | आफ्नो वडामा रहेको स्वास्थ्य संस्थाको पहिचान गर्ने र स्वास्थ्य संस्थाबाट प्रदान गरिने कुनै दुइवटा सेवाको बारेमा जानकारी दिने | विभिन्न संघ संस्था उल्लेखित वडाको नक्साबाट स्वास्थ्य संस्थाको पहिचान गर्न लगाउने ।<br>स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाका बारेमा शब्दचित्र मार्फत स्पष्ट पार्ने । |

पाठ्यभार १२८, साप्ताहिक पठन पिरियड ४)

| शिक्षण विधि | सामाग्री | घण्टी | मूल्यांकन |
|---|---|---|---|
| चित्र वर्णन, क्षेत्र भ्रमण, छलफल, अवलोकन, प्रश्नोत्तर | गाउं समुदायको पहिचान खुल्ने चित्र, रङ्गिन तस्वीर | ६ | निरन्तर<br>गृहकार्य, हाजिरी |
| स्थलगत भ्रमण, अवलोकन, चित्र नक्सा अध्ययन, छलफल | ठाकुरबााबा क्षेत्रको रङ्गिन नक्सा, विभिन्न मौसमी परिवर्तन देखिने चित्रहरु । | ८ | निरन्तर |
| अवलोकन, पारिवारिक भेटघाट, छलफल, प्रश्नोत्तर, समस्या समाधान । | कृषि, व्यापार, रोजगारी र उद्योग गर्ने ठाउँ र मान्छेको पहिचान खुल्ने चित्र, शब्दचित्र | ६ | निरन्तर |
| क्षेत्रभ्रमण, चित्र अध्ययन, छलफल, प्रश्नोत्तर | चित्र सहितको रङ्गिन पुस्तक, शब्दचित्र | ६ | निरन्तर |
| क्षेत्रभ्रमण, अवलोकन, प्रश्नोत्तरु, चित्र पहिचान | दशै, तिहार, माघी र होलीको झल्को दिने वस्तु चित्र | ७ | निरन्तर |
| अवलोकन, प्रश्नोत्तर, शब्दचित्रमा वर्णन, खोज, भिडियो प्रदर्शनी | परम्परा र आधुनिक सूचना, सञ्चार र स्थानीय प्रविधि उल्लेखित वस्तुचित्र , पुस्तक आदि | ६ | |
| क्षेत्र भ्रमण, छलफल, पढ, भन । | हरियाली वनजङ्गल, नदीनाला, पर्यटकीय स्थलको शब्दचित्र, रङ्गिन तस्विर | १० | |
| अवस्था अध्ययन, क्षेत्रभ्रमण, प्रश्नोत्तर, छलफल । | वर्दिया राष्ट्रिय निकुञ्जको रङ्गिन तस्वीर, चित्र,पोष्टर | १० | |
| अवस्था अध्ययन, क्षेत्रभ्रमण, प्रश्नोत्तरु, छलफल, अवलोकन । | जलचर र स्थलचर प्राणीको पहिचान सहितको चित्र । | १० | |
| शब्दचित्र, हेर,चिन र भन, अवस्था अवलोकन, समूह छलफल । | हरित विद्यालययुक्त तस्विर । शब्दचित्र पुस्तक, पत्रपत्रिका | १० | |
| प्रदर्शन, अवलोकन,छलफल, प्रश्नोत्तर | रङ्गिन जोखिम पात्रो | १० | |
| शब्दचित्र पहिचान, अवलोकन, अवस्था अध्ययन, प्रश्नोत्तरु, छलफल । | स्वास्थ्य र सरसफाइसंग सम्बन्धित वस्तुचित्र, पुस्तक | १० | |
| अवलोकन, चित्र अध्ययन, छलफल, प्रश्नेत्तर | सर्ने र नसर्ने रोगका नाम उल्लेखित चित्र, पुस्तक | ५ | |
| भूमिका निर्वाह, खेल, नमूना प्रदर्शनी | वर्दिया जिल्लाका सवै स्थानीय तह भएको नक्सा | १३ | |
| नक्सा अध्ययन, छलफल, प्रश्नोत्तर, शब्दचित्र अध्ययन | नक्सा, सेवाको सूची चित्र | १० | |

ठाकुरबाबा नगरपालिकाको वडागत जनसंख्या र भौगोलिक अवस्थिति :

| वडा नं | क्षेत्रफल | जनसंख्या | | वडा कार्यालयको मुकाम |
|---|---|---|---|---|
| | | जनगणना २०६८ | २०७५ गुरुयोजना | |
| १ | ५.२२ वर्ग कि.मि | ५,३७९ | ७,७२८ | भुरीगाउँ |
| २ | १३.२९ वर्ग कि.मि | ६,४४४ | १०,११५ | रानीपुर |
| ३ | १२.५७ वर्ग कि.मि | ६,१५७ | ६,६३२ | बगनाहा |
| ४ | ८.६७ वर्ग कि.मि | ४,५०० | ५,६८६ | मैनवार |
| ५ | ३१.४९ वर्ग कि.मि | ५,३५८ | ६,६३७ | शाहीपुर |
| ६ | ८.०४ वर्ग कि.मि | ३,८७४ | ४,६४७ | बकुवा |
| ७ | ६.३९ वर्ग कि.मि | ३,८३२ | ५,०७९ | मोहनपुर |
| ८ | ११.०६ वर्ग कि.मि | ३,७६७ | ३,९७१ | चिट्कैया |
| ९ | ७.८४ वर्ग कि.मि | ५,०५० | ५,३१९ | ठाकुरद्वारा |
| जम्मा | १०४.५७ वर्ग कि.मि | ४४,३६१ | ५५,८१४ | १०,६६७ घरधुरी |

नोट : क) मिति २०७३ फाल्गुन २७ गते ठाकुरबाबा नगरपालिका स्थापना, ९२ वटा गाउँहरु

ख) साविकको बबई नगरपालिका, शिबपुर र ठाकुरद्वारा गाउँ विकास समितिहरु मिलेर ठाकुरबाबा न.पा. बनेको,

ग) मिति २०७४ असार १४ गतेको निर्वाचनबाट जन प्रतिनिधिहरु निर्वाचित

घ) अक्षाँस र देशान्तर राख्नुपर्ने,

➢ नगर कार्यपालिकाका पदाधिकारीहरुको पद तथा नाम, थर :

१. नगर प्रमुख : श्री घननारायण श्रेष्ठ,
२. नगर उप प्रमुख : श्री कृष्णा कुश्मा थारु
३. वडा अध्यक्ष : श्री श्याम लाल थारु,
४. वडा अध्यक्ष : श्री हरिराम थारु,
५. वडा अध्यक्ष : श्री श्रीकृष्ण थारु,
६. वडा अध्यक्ष : श्री शेर बहादुर थारु,
७. वडा अध्यक्ष : श्री गंगाराम जैसी (खनाल),
८. वडा अध्यक्ष : श्री भवानी प्रसाद भुसाल,
९. वडा अध्यक्ष : श्री पदम बहादुर खड्का,
१०. वडा अध्यक्ष : श्री निमप्रसाद थारु,
११. वडा अध्यक्ष : श्री राधा चौधरी,

१२.   श्री भिख्नी थारु,
१३.   श्री राजकली रोकाय,
१४.   श्री इन्दिरा थारु,
१५.   श्री मोतिपुरा तिरुवा,
१६.   श्री राज कुमारी थारु
१७.   श्री सिताराम लोहार
१८.   श्री मोतिराम सुनार
१९.   श्री ज्योति नेपाली

- **नगर सभा सदस्यहरु :**

क) नगर कार्यपालिकाका १९ जना सदस्य, १ जना प्रमुख प्रशासकीय अधिकृत
ख) बाँकी ३१ जना
ग) जम्मा ५१ सदस्यीय नगर सभा

- **वडा नं १ का जनप्रतिनिधिहरु**

१. **श्री श्यामलाल थारु,**
२. श्री जन्मजय तिमिल्सैना,
३. श्री निमराज खनाल
४. श्री बालु बि.क.
५. श्री राम कुमारी थारु

- **वडा नं २ का जनप्रतिनिधिहरु**

१. **श्री हरिराम थारु,**
२. श्री बिष्णु बहादुर शाही,
३. श्री अब्बर थारु,
४. श्री गिता थारु,
५. श्री मान कुमारी सुनार ।

- **वडा नं ३ का जनप्रतिनिधिहरु :**

१. **श्री श्रीकृष्ण थारु,**
२. श्री रुपकला कुमारी थापा,
३. श्री संगम नेपाली,
४. श्री औंसे सुनार ,
५. श्री राम कुमार थारु ।

- **वडा नं ४ का जनप्रतिनिधिहरु :**

१. **श्री शेर बहादुर थारु,**
२. श्री अमर थापा,
३. श्री इन्दिरा थारु,

४. श्री मनवीर धरकटुवा,
५. लक्ष्मी सुनार ।

- **वडा नं ५ का जनप्रतिनिधिहरु :**

१. **श्री गंगाराम जैसी( खनाल),**
२. श्री सुविदार थारु,
३. श्री फुल कुमारी नेपाली,
४. श्री शान्ति चौधरी,
५. श्री राम कुमार थारु

- **वडा नं ६ का जनप्रतिनिधिहरु**

१. **श्री भवानी प्रसाद भुसाल,**
२. श्री कृष्ण बहादुर थारु,
३. श्री प्रशान्त कुमार बि.क.
४. श्री निता चौधरी,
५. श्री शान्ति बि.क.

- **वडा नं ७ का जनप्रतिनिधिहरु**

१. **श्री पदम बहादुर खड्का,**
२. श्री राजकली रोकाय,
३. श्री सुक्मा लोहार,
४. श्री कलम बिष्ट,
५. श्री भागीराम थारु ।

- **वडा नं ८ का जनप्रतिनिधिहरु :**

१. **श्री निमप्रसाद थारु,**
२. श्री रत्न बहादुर आले,
३. श्री मोतिपुरा तिरुवा,
४. श्री मगरु थारु,
५. श्री सीता थारु ।

- **वडा नं का जनप्रतिनिधिहरु :**

१. **श्री राधा चौधरी,**
२. श्री हेमन्त आचार्य,
३. श्री शंकर पुन,
४. श्री भिख्नी थारु,
५. श्री सुन्तली कामी

➢ **न्यायिक समिति** (**३ सदस्यीय**) :

१. संयोजक श्री कृष्णा कुश्मा थारु,
२. सदस्य श्री प्रशान्त कुमार वि.क.,
३. सदस्य श्री अमर थापा

➢ **दिगो विकासका लक्ष्यहरु**

१. सबै ठाउँबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने,
२. भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषणको सुनिश्चित गर्न दिगो कृषिको प्रवर्धन,
३. सबै व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्धन गर्ने,
४. सबैका लागि समावेशी तथा समतामूलक, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवन पर्यन्त सिकाइका अवसरहरू प्रवर्धन गर्ने,
५. लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने,
६. सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्ने,
७. सबैका लागि किफायती, विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने,
८. भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्धन गर्ने,
९. उत्थानशील पूर्वाधारहरूको निर्माण, समावेशी र दिगो औद्योगिकीकरण र नवीन खोजलाई प्रोत्साहन गरिने,
१०. मुलुक भित्र तथा मुलुकहरूबीचको असमानता घटाउने,
११. शहर तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने,
१२. दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने,
१३. जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने,
१४. दिगो विकासका लागि महासागर, समुन्द्र र समुन्द्री साधन स्रोतहरूको दिगो प्रयोग तथा संरक्षण गर्ने,
१५. स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभूमिकरण र भूक्षय रोक्ने तथा जैविक विविधताको संरक्षण गर्ने,
१६. दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्धन गर्ने, सबैको न्यायमा पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्ने,
१७. दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउने र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्ने ।

दिगो विकासका लक्ष्य एक विश्वव्यापी सम्झौता हो जसका लागि संयुक्त राष्ट्रसंघका १९३ राष्ट्रहरु सम्मिलित सेप्टेम्बर २०१५ को ऐतिहासिक राष्ट्रसङ्घीय साधारण सभाको शिखर सम्मेलनले पारित गरेर जनवरी १, २०१६ देखि लागु गरेको छ । १७ लक्ष्य र १६९ सहायक लक्ष्यहरु निर्धारण गरिएको यो दिगो विकासका लागि एजेन्डा २०३० का रुपमा पनि चिनिन्छ ।

- **दिगो विकास लक्ष्यका पाँच स्तम्भहरुमा (पाँच वटा P हरु) :**

  पृथ्वी(Planet), मानव (People), समृद्धि (Prosperity), शान्ति (Peace) र साझेदारी (Partnership) लाई मूल आधार मानिएको छ ।

- **सुनौला हजार दिन :**

  गर्भका २७० दिन, २ वर्षसम्म ३६५×२ =७३० गरी जम्मा १,००० दिन,
  अभिभावक शिक्षा र पोषण, ८०% मस्तिष्कको विकास सोही अवधिमा, महत्व:

१. कुपोषण (पुड्कोपनसहित)का असरहरु २ वर्षको उमेरपछि फर्काउन सकिदैंन,
२. पुड्कोपनले शारीरिक र मानसिक वृद्धिमा असर गर्ने हुनाले अदक्ष जनशक्ति तयार हुन्छ,
३. कुपोषित व्यक्तिको दिमागको वृद्धि र विकासमा कमि हुन्छ र सिक्ने क्षमतामा कमि आउनुका साथै जीवनभर विभिन्न प्रकारका रोगहरु लाग्ने सम्भावना रहिरहन्छ,
४. यही अवस्थामा दिमागको लगभग ८०% विकास हुन्छ,
५. पोषिलो खानाले बालबालिकाहरुलाई रगतको कमी हुन र कुपोषित हुनबाट जोगाउँछ ।

- **मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति :**

  मध्यवर्तीको कूल क्षेत्रफल ५०७ वर्ग कि.मि., अध्यक्ष श्री नेत्रराज आचार्य, १९ वटा उपभोक्ता समिति, २४० वटा उपभोक्ता समूह, बर्दियामा १४ वटा, बाँकेमा १ वटा, सुर्खेतमा ४ वटा गरी कूल १९ वटा उपभोक्ता समिति,

  मूल समिति : बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, ठाकुरद्वारा बर्दिया । तीन वटा जिल्लाका समन्वय समितिबाट पनि एक एक जनाको प्रतिनिधित्व हुन्छ भने चिफ वार्डेन सदस्य सचिव ।

- **बर्दिया राष्ट्रिय निकुञ्जसंग सम्बन्धित जानकारीहरु :**

| | |
|---|---|
| समुन्द्र सतहदेखि अधिकतम् उचाई | : १,५६१ मिटर, बाँसपानीको चुचुरो |
| समुन्द्र सतहदेखि न्यूनतम् उचाई | : १५२ मिटर, मनाउघाट |
| निकुञ्जको पूर्व पश्चिम लम्बाई | : ७० कि.मि. |
| निकुञ्जको उत्तर दक्षिण चौडाइ | : सरदर १० कि.मि. |
| मुख्य नदीहरु | : कर्णाली, गेरुवा, बबई र ओराही, |
| निकुञ्ज भित्रको वनपथ | : २२५ कि.मि. |
| निकुञ्ज भित्र पूर्व पश्चिम राजमार्ग | : २० कि.मि., |

  सन् १९६९(वि.सं.२०२६ साल) मा ३४८ वर्ग कि.मि. क्षेत्रफलको भू-भाग समेटेर शाही शिकार सुरक्षित वन घोषणा,

  वि.स.२०३२ सालमा शाही कर्णाली बन्यजन्तु आरक्ष,

  वि.स.२०३८मा शाही बर्दिया बन्य जन्तु आरक्ष,

  वि.सं २०४० सालदेखि ४२/४३ वा सन १९८२ देखि १९८४ सम्म यस आरक्षको क्षेत्रफल विस्तार,

  साविकको सानोश्री गाउँ पञ्चायतका तपसिलमा उल्लिखित २६ वटा गाउँका १,५७२

घरधुरीका लगभग ८,५०० जनसंख्यालाई तारातल क्षेत्रमा (हाल मधुवन नगरपालिका) स्थानान्तरण गरिएको थियो,

वि.सं २०४५ साल मंसिर २०मा शाही बर्दिया राष्ट्रिय निकुञ्जको स्थापना,

वि.सं २०६३ मा शाही शब्द हटाइ बर्दिया राष्ट्रिय निकुञ्ज मात्र कायम,

**तपसिल** :

पुरनपुर, लामिदमार, कालिनारा, बाँसपानी, रातामाटा, गुठी, चित्तले, सानोश्री, ठूलोश्री, मो हरनाथ, बनगाउँ, बाबियाचौर, शिवपुर, सोतखोला, गैले, तिलकाना, लामितारा, चेपाङ्ग, नारासोती, मुलघाट, सल्लेरी, तेलपानी दक्षिण पानी ढलो, बसाहा, अमबासा, झवालीफाँटा र चिसाकुना,

**जैविक विशेषताहरुः**

स्तनधारी प्राणीहरु ५८ भन्दा बढी (१० संरक्षित प्रजाति)

पंक्षी ४३४ भन्दा बढी, (६ वटा संरक्षित)

घस्रने बन्यजन्तु ४२ भन्दा बढी ( ३ वटा संरक्षित)

माछा १२० प्रजाति (महासेर जातको माछा )

८७ वटा पाटे बाघ, ३६ वटा गैंडा, ७० प्रतिशत साल वन क्षेत्र

नेपालमा बाह्रसिंगाका सन्दर्भमा प्राकृतिक बासस्थान भएको दोस्रो क्षेत्र र संख्या १०५ भन्दा बढी,

- **ठाकुरद्वारा मन्दिर** : मन्दिरको कलात्मक निर्माण शैली र अत्यन्त ठूलो आध्यात्मिक महत्वको यो मन्दिरमा टाढा-टाढादेखि मानिसहरु दर्शन गर्न आउने गर्दछन् । विशेष गरी यस मन्दिरमा पूजाआजा गर्दा आफूले मागेको वर पूरा हुन्छ भन्ने धार्मिक विश्वासका कारण यस मन्दिरमा माघे संक्रान्तिमा भक्तजनहरुको ठूलो घुँइचो लाग्ने गर्छ । यस मन्दिरमा विषेश गरि हरेक वर्ष माघे संक्रान्तिका दिन पूजाआजा गर्नेको घुँईचो लाग्ने गर्छ । हरेक वर्ष माघे संक्रान्तिका दिनदेखि ४ दिनसम्म मन्दिर परिसरमा परम्परागत माघी मेला पनि लाग्ने गर्छ । थारु सांस्कृतिक नाच संगै डेउडा नाचगानको आयोजना गरेर पनि मेलालाई थप रौनक बढाउने गर्छन् ।

यसका साथै अन्य धार्मिक रीतिरिवाज, विवाहपञ्चमी, रामनवमी, शिवरात्री, एकादशी आदिमा समेत भक्तजनहरु आउने गर्दछन् । बर्दिया जिल्लाको गौरवको रुपमा रहेको यो मन्दिर नेपाल सरकारद्धारा हुलाक टिकट समेत प्रचलनमा आएको छ । करिब २५ हेक्टर क्षेत्रफल रहेको यो मन्दिरको धार्मिक वन समेत रहेको छ ।

ठाकुरबाबा नगरपालिको वडा नम्बर ९ मा पर्ने घना जङ्गलको मध्य भागमा अवस्थित ठाकुरद्वारा मन्दिर धार्मिक दृष्टिकोणले अतिनै महत्वपूर्ण स्थल हो । यो क्षेत्रले धार्मिक तथा ऐतिहासिक रुपमा विशेष महत्व बोकेको छ । विशेषत विष्णु भगवानको मूर्ति रहेको यो मन्दिर क्षेत्रलाई ठाकुरजीको द्वारको रुपमा वर्णन गरिदा गरिदै यस क्षेत्रको नाम नै ठाकुरद्धारा रहन गएको भन्ने भनाइ छ ।

यो मन्दिर कहिले स्थापना भएको हो भन्ने खासै लिखित प्रमाण नभेटिए पनि करिब ५०० वर्ष अघि किसानले खेत जोत्ने क्रममा (अष्टभुजा पोषण) आठओटा हात भएको विष्णु भगवानको

मूर्ति फेला परेपछि यो मन्दिर स्थापना भएको धार्मिक किम्वदन्ती छ । पहिले सानो खरको झुपडीमा रहेको यस मन्दिरलाई वि.स.२०३६ सालमा जीर्णोद्धार गरी पुनः निर्माण गरिएको हो । मन्दिरको चारै कुनाका पिलरमा पाङग्रा जडान गरिएको छ। गुडाउन मिल्छ कि जस्तो लाग्ने यो मन्दिर निकै आकर्षक गजुर शैलीमा निर्माण गरिएको छ। मन्दिरको परिसरमा ढुङ्गाका विभिन्न कलात्मक लिच्छवीकालीन मूर्तिहरु रहेका छन् ।

- **स्वस्थ घर** : स्वस्थ घरका लागि खानेपानी, सरसफाइ तथा स्वच्छताका निम्न व्यवहारको प्रवर्द्धन गर्नु नै स्वस्थ घर हो :

  क) चर्पीको गुणस्तर र प्रयोग,
  ख) व्यक्तिगत सरसफाइ,
   अ) जोखिमपूर्ण समयमा साबुन पानीले हात धुने अभ्यास(अति-पति)
   आ) महिनावारी सरसफाइ
  ग) हात धुने स्थानको व्यवस्था,
  घ) खानेपानीको सरसफाइ,
  ङ) खानाको स्वच्छता एवं सुरक्षा र
  च) घर तथा आँगनको सरसफाइ

- **अति–पति** भन्नाले के बुझिन्छ ?(अघि -३ वटा शब्द र पछि -३ वटा शब्द)
  क) खाना खानु अघि,
  ख) बच्चा, असक्त र बिरामीलाई खुवाउनु अघि,
  ग) खाना पकाउनु वा तयार गर्नु अघि,
  घ) फोहर कुरा छोएपछि वा बाहिरको काम गरेपछि,
  ङ) दिसा पिसाब गरिसकेपछि र
  च) बच्चाहरुको दिसा धोइ दिएपछि

- **पोषण** :
  क) ३ स : स्थानीय, सफा र सुरक्षित
  ख) उ.प.मा.बा.प्र.स.स. :
   उमेर,पटक, मात्रा, बाक्लोपन, प्रकार, सक्रिय खुवाई र सरसफाइ (सुनौला हजार दिन भित्र)
  ग) हरेक बार : खाना चार
  घ) एकदलिय, दुई दलिय, तीन दलिय र चार दलियको प्रतिविम्बन गरेर,
  ङ) Building Block of Body
  च) पोषण र खनिज : आयोडिन, फलाम र क्याल्सियमको महत्व

- **सहकारी** :
  १. **सातवटा सिद्धान्तहरु** :
    क) ऐच्छिक तथा खुला सदस्यता,
    ख) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण,
    ग) सदस्यहरुको आर्थिक सहभागिता,

घ) स्वायत्तता र स्वतन्त्रता,
ङ) शिक्षा, तालिम र सूचना,
च) सहकारीहरु बीच सहयोग र
छ) समुदायप्रति चासो ।

२. **ठाकुरबाबामा भएका सहकारीहरु सम्बन्धी विवरण**

प्रकृति :

बचत तथा ऋण सहकारी-१२ वटा,
बहुउद्देश्यीय सहकारी-६ वटा
कृषि सहकारी (सानाकिसान सहित)-१४ वटा
दुग्ध सहकारी - ३ वटा
जम्मा संख्या : ३५ वटा

- **सामुदायिक बन उपभोक्ता महासंघ र अन्तरगतका सामुदायिक वनहरुको विवरण:**
  - क) सामुदायिक वन १५ (जिल्ला वनमा दर्ता)
  - ख) मध्यवर्ती सामुदायिक वन ११ वटा (राष्ट्रिय निकुञ्जमा दर्ता)
  - ग) धार्मिक वन २ वटा (गुप्तेश्वरी धार्मिक वन ढुङ्ग्रवा र ठाकुरद्वारा मन्दिरको वन)
- **बडघर प्रणाली** र यसको सञ्जाल, चयन तथा कार्य प्रणाली,
- **कुलापानी प्रणाली** : ठाकुरबाबा नगरपालिका भित्र निम्न लिखित ५ वटा सिँचाई प्रणालीहरु रहेको पाइन्छ :
  - क) पश्चिम बबई कुलो पानी समिति (साविक ढोढरी कुलो- पुरानो २४ मौजा र हाल साने श्री र ताराताल समेत समेटिएको
  - ख) जम्ती सिँचाई - १८ मौजा
  - ग) गिठे खोला (मालि) र ओराही खोला सिँचाई र
  - घ) कर्णाली सिँचाई
- **संघ संस्थाहरु :**
  - क) समुदायमा आधारित संस्था (CBO):
  - ख) गैर सरकारी संस्था (NGO)- वेस, रुम टु रिड, राधाकृष्ण थारु जनसेवा केन्द्र (RKJS), गेरुवा ग्रामिण जागरण संघ, बर्दिया संरक्षण कार्यक्रम, ताल, उज्यालो नेपाल, ........
  - ग) अन्तर्राष्ट्रिय गैर सरकारी संस्था (INGO) : प्लान इन्टरनेशनल,.......
- **कुवा भावर** : ठाकुरबाबा न.पा.-२ अम्रेनी पोष्टदेखि निकुञ्ज भित्र लगभग ४ किलोमिटर को राजमार्गको यात्रा गरेपछि दायाँ भागमा १०० मिटर भित्र जंगलमा कुवाभावर क्षेत्र पर्दछ । कोलियर लाईन (रेल मार्ग) निर्माण गर्न, काठ संकलन गर्ने कार्यमा संलग्न मजदुरहरुले पानी पिउनका लागि बनाइएको लगभग १५० वर्ष पुरानो इनार भग्नावशेष देख्न सकिन्छ । बनेको तिथि मिति एकिन भएको छैन ।

### सिकल सेल एनिमिया

सामान्यतया राता रक्तकोषहरु १२० दिन र सिकल सेल १५ देखि २० दिन सम्म रक्त सञ्चारमा रहेर नष्ट हुने गर्दछन् । सिकल सेलहरु छिटो छिटो नष्ट हुँदा शरीरमा रगतको कमी हुन्छ, जसलाई सिकल सेल एनिमिया भनिन्छ । आमा बाबु दुवैबाट सिकल सेलको जिन बच्चामा सऱ्यो भने बच्चा रोगि हुन्छ, जसलाई सिकल सेल डिजिज (SS) भनिन्छ र सर्ने तरिकालाई अटोजोमल रिसेसिभ भनिन्छ । अटोजोमल रिसेसिभ भन्नाले बाबुआमाबाट छोराछोरीमा रोग सर्नका लागि दुबैका खराव जिन सर्न आवश्यक छ भन्ने हो । त्यसै गरी आमाबाबु मध्ये कुनै एक जनाबाट मात्र सऱ्यो भने बच्चा वाहक (Carrier) हुन्छ, जसलाई सिकल सेल ट्रेट भनिन्छ । सामान्यतया सिकल सेल ट्रेट भएका व्यक्तिमा सिकल सेल डिजिज जस्तो लक्षण देखिदैन । सिकल सेल एनिमिया आनुवांशिक रोग हो जुन आमाबाबुबाट बच्चामा सर्ने गर्दछ ।

**सिकल सेल एनिमियाका लक्षणहरु :**

सिकल सेल एनिमिया बंशाणुगत रुपमा सर्ने हुँदा बच्चा जन्मेको केही महिनाबाट नै लक्षण शुरु हुन सक्छ । पटक पटक शरीर दुख्ने (हड्डी र जोर्नी), पटक पटक जण्डीस हुनु, रक्त अल्पता हुनु, बारम्बार ज्वरो आउनु र रोग पत्ता लगाउन गाऱ्हो हुनु ।

**रोगको पहिचान :**

रोगका लक्षण र रगतबाट हुने विभिन्न जाँचहरु गरेर रोग पहिचान गर्न सकिन्छ । जस्तै :

CBC –Complete Blood Count

Sickling test

Hb Electrophoresis जाँच

यी सेवाहरु पश्चिम नेपालमा भेरी अञ्चल अस्पताल नेपालगंज, राजापुर स्वास्थ्य केन्द्र, सेती अञ्चल अस्पताल धनगढी, कैलाली जस्ता सरकारी स्वास्थ्य संस्थाहरुमा उपलब्ध छन् । निजी अस्पतालहरुमा सिकल सेल एनिमियाको जाँच नेपालगंज मेडिकल कलेज कोहलपुर, सिद्धार्थ अस्पताल नेपालगंज, घोडाघोडी अस्पताल कैलाली र बागेश्वरी डाइगोनोष्टिक सेन्टर नेपालगंजमा उपलव्ध छन् ।

**सिकल सेल एनिमिया थारु जातिमा हुनसक्ने वैज्ञानिक कारण :**

सिकल सेल ट्रेट भएका मानिसलाई साधारणतया मलेरिया हुने सम्भावना सामान्य व्यक्तिमा भन्दा ७ गुण कम हुन्छ । थारु जाति पहिले मलेरिया व्यापकरुपमा हुने भेगमा पुस्तौंदेखि बसोबास गर्दै आएको हुँदा मलेरियावाट बच्न सिकल सेल जिनको विकास भएको सम्भावना छ ।

**सिकल सेल एनिमिया सम्बन्धी भ्रमहरु :**

घोँगी, मुसा खानाले हुने समस्या हो भन्ने कुराको भ्रम हो, साथै गुरुवा कहाँ उपचार गरेर निको हुने कुरामा पनि कुनै वैज्ञानिक आधार छैन ।

**सिकल सेल एनिमियासँग झुक्किन सक्ने अन्य रोगहरु :**

टाइफाइड, बाथ रोग, बाथ ज्वरो, मलेरीया, हेपाटाइटिस आदि ।

**नेपालमा जनस्वास्थ्य समस्याका रुपमा सिकल सेल :**

सिकल सेल एनिमिया धेरै पहिले देखिनै नेपालमा रहेपनि केहि वर्ष अवधिसम्म फाटफुट रुपमामात्र निदान भएको पाइन्छ । सन् २००३ मा नेपालको एक जर्नलमा सिकल सेल एनिमियाको बारेमा दुईवटा लेख रचना प्रकाशन भएको पाइन्छ । भेरी अञ्चल अस्पताल नेपालगंजका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा. राजन पाण्डे लगायतका स्वास्थ्य कर्मीहरुले यस रोगको जनस्वास्थ्य समस्याबारे उजागर गरी यो पश्चिम नेपालका थारुहरुमा जनस्वास्थ्य समस्याका रुपमा रहेको र नेपाल सरकारले यस रोगलाई निःशुल्क उपचार गर्ने बारे पहल गरेपछि तत्कालिन संविधान सभामा उनै चिकित्सकको रिपोर्टको आधारमा माननीय डा. गोपाल दहितले २०७१ असारमा पेस गरेपछि यो रोग सार्वजनिक बहसमा आयो ।

**सिकल सेलका बिरामीलाई सेवा :**

विपन्न नागरिक औषधी उपचार कोषमा मिति २०७१ साउन २२ गतेबाट सिकल सेल एनिमिया पनि उल्लेख भएकोले तोकिएको अस्पतालमा प्रति विरामी रु १ लाख बराबरको सुविधा उपलब्ध छ । तोकिएका अस्पतालहरु हालसम्म १० वटा छन् ।

**सिकलसेल एनिमियाबाट बच्ने तरिका :**

सिकल सेल एनिमियाबाट बच्न सिकल सेल ट्रेट वा रोगीले सिकल सेल ट्रेट वा रोगीसँग विवाह गर्नु हुँदैन । साधारण व्यक्तिसँग विवाह गरेमा भावी सन्ततिहरु सिकल सेल एनिमियाबाट मुक्त हुन्छन् । सिकल सेल ट्रेट वा रोगीले हेमोग्लोविन इलेक्ट्रोफोरेसिस जाँचबाट रोग पत्ता लाग्छ र आवश्यक परामर्श लिन सकिन्छ ।

**नोट : पाठ्यक्रम मूल्याङ्कनका आधार निम्नानुसार हुनेछन् :**

१. विद्यार्थीको उपलब्धी स्तर

२. शिक्षकको कार्य सम्पादन स्तर

३. पठन पाठनमा उपयोग गरिएको समय

४. विद्यार्थीको वैयक्तिक तथा सामाजिक व्यवहार र प्रभाव


५. अभिभावक तथा समाजको सिकाइप्रतिको अपेक्षा र प्रतिक्रिया


६. सरोकारवालाको विद्यालयप्रतिको धारणा

## Please match following 'Sickle Kundli' before marriage

| S. No. | Father | Mother | Possible Haemoglobin pattern of children (This does not show the order of child births) | | | | | | | Advice related to marriage |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | | All Normal | Get Married |
| 2 | | | | | | | | | 50% Normal, 50% Carriers | Get Married |
| 3 | | | | | | | | | 50% Normal, 50% Carriers | Get Married |
| 4 | | | | | | | | | All Carriers | Get Married |
| 5 | | | | | | | | | All Carriers | Get Married |
| 6 | | | | | | | | | 25% Normal, 25% Patients, 50 % Carriers | Think |
| 7 | | | | | | | | | 50% Patients, 50% Carriers | Should not get married |
| 8 | | | | | | | | | 50% Patients, 50% Carriers | Should not get married |
| 9 | | | | | | | | | All Patients | Should not get married |

**Note:** Men and women belonging to serial numbers 6, 7, 8 and 9, should not get married.


BARDIA NATIONAL PARK
AND BUFFER ZONE
Legend
Bardia National Park
Buffer Zone
Highway
Motorable Road
River
Park's Headquarter
Abandoned Post
Existing Post
Settlement
10 0 10 Kilometers
WWF Nepal Program, may 2006
CHINA
NEPAL
INDIA
Kathmandu
N
Thakurdwara
Chisapani
Bhurigaun
Bankhet
Chepang
Harre
Guthi
Sanoshree
Dhakaila
Parewaodhar
Ramnapur
Lalmati
Sukarmala
Telpani
Banspani
Ranighat
ManamKanda
Ratomate
Kalinara
Tharmus
Lekhaparajuli
Deysthal
Kalpani
Bhareng
Chisapani Gaun


Thakurbaba MP
Land Capability Map
Scale 1:100,000
0 1 2 3 4 Km
Vertical Datum
Mean Sea Level India
Horizontal Datum
Spheroid: ........ Everest 1830
Projection : ...... Modified Universal Transverse Mercator
Origin: ........ Longitude 81° East, Latitude 0° North
False co-ordinates of origin: ........ 500 000m Easting 0m Northing
Scale factor at Central Meridian: ........ 0.9999
Notes
This Land Capability map is based on soil Map and Land System Map prepared for the study. Land Capability classification is based on LRMP Land Capability (1986), which is further elaborated assigning each individual land units by specific soil/land management deficiencies related to soil, topography, erosion susceptibility and surface drainage
In this map, mapping units are represented by land capability and arability classes in graded colour. For detailed land capability map, refer 1:10,000 scale Land Capability Map Prepared under this study.
Legend
MP/RMP Boundary
Land Capability Class
I
II
III
IV
V
VI
VII
Non Arable (5/6)
Canal
Flood Plain
Khola
Forest
Pond
Road
Residential
Sandbar
Government of Nepal
Ministry of Land Reform and Management
National Land Use Project, Kathmandu
Bardiya National Park
Barbardiya
Madhuwan
Rajapur
Geruwa
Thakurbaba

अनुसूची-१
स्थानीय पाठ्यक्रमको सन्दर्भ

नेपालमा स्थानीय पाठ्यक्रमको सम्बन्धमा ऐतिहासिक पृष्ठभूमि हेर्ने हो भने अनौपचारिक रूपमा परम्परादेखि चलन चल्तीमा रहेको पारिवारिक शिक्षासम्म पुग्न सकिन्छ । यसमा परिवारका जेष्ठ सदस्यले आफूभन्दा कनिष्ठ सदस्यलाई पेसागत ज्ञान र सिप दिने, पारिवारिक मूल्य मान्यता र चालचलन सिकाउने चलन थियो । गुरुकुल, गुम्बा, मद्रसा, मुन्धुम आदि जस्ता धार्मिक शिक्षामा गुरुले चेलालाई सिकाउने विषय वस्तु र सिकाइ प्रक्रियालाई समेत स्थानीय पाठ्यक्रमको रूपमा व्याख्या र विशलेषण गर्न सकिन्छ । नेपालमा जङ्गबहादुर राणाको पालामा औपचारिक शिक्षा सुरु भएपछि राष्ट्रिय पाठ्यक्रमको अवधारणा विकास भएको देखिन्छ । औपचारिक शिक्षा सुरु भइसकेपछि नेपालमा एकै प्रकारका शिक्षा प्रणाली नभई स्थानीय ठाउँमा पाइने शैक्षिक सामग्री, स्रोत साधन आदिको आधारमा देशभित्र पनि विविध प्रकारका विषयवस्तु र शिक्षण प्रक्रिया धेरै समयसम्म रहेको देखिन्छ । यसलाई पनि पाठ्यक्रमको स्थानीयकरणको रूपमा लिन सकिन्छ । वि. सं. २०२८ मा देशभरि शिक्षा पद्दतिलाई एकरूपता कायम गर्न राष्ट्रिय शिक्षा पद्दतिको योजना लागु गरियो । यसले देशभरि एकै प्रकारको पाठ्यक्रम लागु गर्नुपर्ने आवश्यकता महसुस गरेपछि शिक्षामा अत्यधिक केन्द्रीकरण सुरु भएको आभास दिन्छ । यद्यपि यस प्रकारको केन्द्रीय पाठ्यक्रम भए तापनि विभिन्न ऐच्छिक विषय राख्न पाउने प्रावधान, शिक्षण प्रक्रियाको क्रममा स्थानीय विषय वस्तुको उदाहरण दिन सकिने अवस्था आदिले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने जमर्को गरेको देखिन्छ ।

नेपालमा औपचारिक रूपमा प्राथमिक शिक्षा पाठ्यक्रम, २०४९ ले पहिलो पटक स्थानीय विषय वा मातृभाषामध्ये कुनै एक विषय विद्यालयले छनोट गरी पढाउन पाउने व्यवस्था गरे अनुरूप साप्ताहिक ३ पाठ्यभार र १०० पूर्णाङ्कको अध्ययन/अध्यापन गर्ने व्यवस्था गरेको थियो । तर उक्त प्रावधानको प्रभावकारी कार्यान्वयन हुन सकेको पाइएन । पाठ्यक्रम विकास केन्द्रले नै विकास गरेका केही मातृभाषाका नमूना पाठ्यक्रम तथा पाठ्यपुस्तक सीमित विद्यालयले पठन पाठनमा ल्याए भने धेरै विद्यालयले अङ्ग्रेजी, गणित जस्ता विषय अध्यापन गरेको पाइन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ मा परिमार्जन भई स्थानीय पाठ्यक्रमलाई समेत विशेष महत्त्व दिँदै केही व्यापक बनाउने कार्य भयो । परिमार्जित पाठ्यक्रममा पहिलेको मातृभाषा र स्थानीय विषयलाई निरन्तरता दिदै पाठ्यभार वृद्धि गरी साप्ताहिक पाठ्यभार ४ बनाइयो भने सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २०/२० प्रतिशत भार स्थानीय अंशको रूपमा राख्ने व्यवस्था गरियो । स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, २०६० समेत विकास गरियो । स्थानीय पाठ्यक्रमलाई माथिल्लो तहसम्म विस्तार गर्न उपयुक्त हुन्छ वा हुँदैन भन्ने कुरा निर्क्योल गर्न क्षेत्रीय प्रतिनिधित्व हुने गरी विभिन्न जिल्लामा अध्ययन समेत गरियो । उक्त अध्ययन र विभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ मा साप्ताहिक ५ पाठ्यभार र १०० पूर्णाङ्कको मातृभाषा वा संस्कृत वा अन्य स्थानीय विषय/अन्य विषय समावेश गरिएको छ । कक्षा १-८ कै स्थानीय विषयलाई कार्यान्वयन गर्न सहयोग पुऱ्याउने गरी स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन स्रोत सामग्री समेत विकास

गरिएको छ ।

स्थानीय पाठ्यक्रमलाई अवधारणागत रूपमा प्रस्ट्याउने क्रममा नेपालका विभिन्न दस्तावेजमा रहेका प्रावधानलाई हेर्नुपर्छ । हाल कार्यान्वयनमा रहेका नीतिहरूमा स्थानीय पाठ्यक्रमका बारेमा निम्नानुसार उल्लेख भएको छ :

**१ नेपालको संविधान**

नेपालको संविधान, २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धी मौलिक हकको व्यवस्था रहेको छ । यस धाराको उपधारा ५ मा नेपालमा बसोवास गर्ने प्रत्येक समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने छ भन्ने प्रावधान रहेको छ । यसलाई व्यवहारतः कार्यान्वयनका लागि स्थानीय पाठ्यक्रममार्फत समाजमा रहेका भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदालाई जगेर्ना गर्ने प्रकृतिको ज्ञान, सिप र प्रविधि विद्यार्थीलाई दिनु जरुरी छ । शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सीपमूलक र रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने (धारा ५१ ज १) ।

**२ स्थानीय सरकार संचालन ऐन, २०७४**

राज्यको संरचना राज्य शक्तिको बाँडफाट सहित तिन तहका सरकार मध्ये स्थानीय सरकार जनतासँग प्रत्यक्ष सरोकार राख्ने सरकार हो । स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत दफा ११ ज को आधारभूत र माध्यामिक शिक्षा संग सम्वन्धित २३ वटा अधिकार मध्ये १८ औं बुँदाको अधिकारले स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन र स्तरिकरण गर्ने त्यसै गरी बुदा नं २० को माध्यामिक तह सम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने अधिकारहरु बाट नगरपालिकाले स्थानीय पाठ्यक्रम निमार्ण गरी स्थानीय ज्ञान, सीप र प्रविधिको संरक्षण र प्रवर्द्धन गर्न सकिने कुरा निर्दिष्ट गरेको छ ।

**३. ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५**

ठाकुरबाबा नगरपालिकाले विकास र समृद्धिको मुख्य आधारमा रहेको शिक्षालाई उत्पादनमुखी तथा प्रतिस्पर्धी बनाउन मिति २०७५ असोज १८ देखि लागु भएको ठाकुरबाबा नगर शिक्षा ऐन, २०७५ को परिच्छेद ८ अन्तर्गत अनौपचारिक शिक्षा तथा स्थानीय पाठ्क्रम सम्बन्धी दफा ११ को उप दफा ४ मा नगरपालिका क्षेत्रको विशिष्टता, भूगोल, इतिहास,स्थानीय भाषा, संस्कृति, वातावरण संरक्षण तथा स्थानीय स्तरमा उपलव्ध वा आवश्यक भएको पेशा व्यवसायको जानकारी गराउने उद्देश्य सहित स्थानीय पाठ्यक्रम निर्धारण गर्न सकिनेछ भन्ने प्रावधानले पनि स्थानीय पाठ्क्रमको औचित्यतालाई थप पुष्टि गर्दछ ।

उल्लिखित अवस्थालाई दृष्टिगत गर्दा स्थानीय पाठ्यक्रमभित्र मातृभाषा तथा संस्कृत शिक्षाको अध्ययन/अध्यापनलाई पनि स्वतन्त्रता दिएको देखिन्छ । तर स्थानीय पाठ्यक्रम र मातृभाषाका बिचमा सिमाङ्कन भने जरुरी देखिन्छ ।

**४ तेह्रौं त्रिवर्षीय योजना**, (२०७०/०७१–२०७२/०७३)

नेपालको तेह्रौं योजना (२०७०/०७१-२०७२/०७३) ले तय गरेको शिक्षा सम्बन्धी उद्देश्यमा भनिएको छ "सबै तहको शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी, सिपमूलक, रोजगारमुखी एवम् समसामयिक बनाउने ।" त्यस्तै यस उद्देश्य प्राप्तिका लागि तय गरिएको कार्यनीतिमा मातृभाषाका पाठ्य सामग्री तथा शिक्षकको विकास गरी मागबमोजिम बहुभाषीय शिक्षाका अवसरमा विस्तार गरिने व्यवस्था राखिएको छ । यस अवस्थामा स्थानीय तहका विषय वस्तुलाई मातृभाषाका माध्यमबाट पठन पाठन गर्न सकिने र विषयका रूपमा स्थानीय भाषा अध्यापन गर्न सकिने अवस्था देखिन्छ ।

**५. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३ (परिमार्जित संस्करण २०७१ समेत)**

नेपाल सरकारले विद्यालय शिक्षाको मूल दस्तावेजका रूपमा २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरिएको थियो । पाठ्यक्रम स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेकाले नेपालमा निम्नानुसारका अभ्यास हुन थालेको पाइन्छ भनी यस प्रारूपले उल्लेख गरेको छ :

क. स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्त तयार गर्ने र त्यसैका आधारमा थप विषय वस्तु स्थानीय तहमा समावेश गर्ने,

ख. केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषय, विषयवस्तु छनोटदेखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने,

ग. माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने,

घ. स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्बोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।

**६. राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन**, २०४९

२०४६ सालको आन्दोलनपछि २०४७ साल फागुन १४ गते गठित राष्ट्रिय शिक्षा आयोगले २०४९ सालमा सरकार समक्ष प्रतिवेदन पेस गरेको थियो । यस प्रतिवेदनले परिवर्तित सन्दर्भलाई अङ्गीकार गरी भावी पाठ्यक्रमका बारेमा देहाय बमोजिमको समस्या उल्लेख गर्दै विभिन्न विषयमा सिफारिस गरेको छ :

१. ग्रामीण परिवेशसँग सान्दर्भिक कार्यकलाप पाठ्यक्रममा नराख्नाका कारण धेरैजसो केटाकेटी विद्यालयका शैक्षिक क्रियाकलापमा कुनै चाख दिँदैनन् र विद्यालय छोडिदिन्छन् ,

२. जातीय जीवनका विविध पक्षलाई पाठ्यक्रममा समुचित रूपले समायोजन गरी ज्ञान र समझदारीको विकास गर्नुपर्दछ ,

३. प्राथमिक तहको पाठ्यक्रमलाई देशको आवश्यकता सुहाउँदो सान्दर्भिक र व्यावहारिक बनाउनुपर्ने आवश्यकता छ । यसलाई क्षेत्रीय वा स्थानीय आवश्यकतालाई सुहाउँदा व्यवस्था गर्नु उपयुक्त हुन्छ ,

४. कुनै इच्छुक विद्यालय वा समुदायले आफ्नो क्षेत्रको विद्यालयमा छुट्टै पाठ्यक्रम तयार गरी लागु गर्न चाहेमा त्यस्तो पाठ्यक्रम शिक्षाका उद्देश्य र लक्ष्यसँग तालमेल खानुपर्छ र नेपाल सरकार, शिक्षा मन्त्रालयबाट स्विकृत गरिएको हुनुपर्छ ।

### ७. विद्यालय क्षेत्र विकास योजना

विद्यालय क्षेत्रको समग्र विकास गर्ने लक्ष्यका साथ आ. व. २०७३/०७४-२०७९/०८० देखि सञ्चालनमा आएको विद्यालय क्षेत्र विकास योजनाले पनि स्थानीय पाठ्यक्रमलाई महत्त्व दिएको पाइन्छ । यस कार्यक्रमले निम्नानुसारको नीतिगत व्यवस्था हुनुपर्ने दर्शाएको छ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारूपलाई आधार मानी मूल तथा स्थानीय पाठ्यक्रमको निर्माण गर्ने,

२. स्थानीय पाठ्यक्रम, कार्य लक्ष्य निर्धारण, विद्यालयको वार्षिक कार्य योजना, कक्षा कोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालय तहमै निर्णय लिइने,

३. स्थानीय पाठ्यक्रमको विकास स्थानीय विद्यालय र स्थानीय तहले स्थानीय र राष्ट्रिय मापदण्ड मिलाएर गर्ने छन् । त्यसैले मापदण्डमा आधारित जवाफदेही प्रणालीले ठिक तरिकाले काम गर्ने छ । उच्च होसियारीका साथ स्थानीय पाठ्यक्रम फरक फरक स्थान (परिवेश) मा फरक हुन्छन् र राष्ट्रिय मापदण्डसँग मिलाएमा विद्यार्थीको ज्ञान बिचमा हुने भिन्नता कम हुने,

४. जीवनोपयोगी सीप, व्यवहारिक सीप र मूल्यमा आधारित शिक्षाको प्रयोगलाई समेटिएको स्थानीय पाठ्यक्रम विकासको प्रावधान सहितको राष्ट्रिय पाठ्यक्रम प्रारुप विकास गर्ने ।

### ८. प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२

प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ तथा २०६५ ले प्राथमिक तह (१-५) मा स्थानीय विषय/मातृभाषा विषयलाई पाठ्यभार ४ र पूर्णाङ्क १०० कायम गरेको छ । यसमा निम्नानुसार हुनुपर्ने व्यवस्था गरिएको छ :

१. विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट गर्दा बहुसङ्ख्यक विद्यार्थीले बोल्ने मातृभाषा छनोट गर्नुपर्ने,

२. मातृभाषाको पठन पाठन गराउन नसकिने विद्यालयमा स्थानीय तहका लागि उपयोगी पेसा व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि स्थानीय विषय छनोट गरी पठन पाठन गराउन सकिने,

३. मातृभाषा/स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री स्रोत केन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालयबाटै निर्माण गर्न सकिने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्ला स्तर र स्रोतकेन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्र स्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने,

४. पाठ्यक्रममा स्थानीय अंश : सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षा

विषयको २० प्रतिशत पाठ्य भारको पाठ्यक्रम र पाठ्य सामग्री विद्यालय आफैंले निर्माणगर्न सक्नेछन् । यस्तो पाठ्यक्रममा सामाजिक अध्ययनका लागि ३२ घन्टी, सिर्जनात्मक कलाका लागि १९ घन्टी र शारीरिक शिक्षाका लागि १२ घन्टी निर्धारण गरिएको,

५. स्थानीय विषयको पाठ्यक्रम अन्तर्गत संस्कृतका विषयवस्तु पनि पठन पाठन गर्न सकिने ।

## ९. आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम, २०६९

आभारभूत तहको कक्षा ६ देखि ८ सम्मको पाठ्यक्रममा विद्यमान प्राथमिक तह कक्षा १-५ को पाठ्यक्रम भन्दा केही फरक व्यवस्था गरिएको छ । यसमा मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य विषय भनी यसलाई पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । संस्कृत र गुरुकुल शिक्षातर्फ स्थानीय पाठ्यक्रमका बारेमा व्यवस्था गरिएको छैन भने गोन्पा तथा विहार शिक्षातर्फ स्थानीय विषय वा बौद्ध शिक्षा वा सम्भोटा व्याकरण वा अन्य विषय भनी पाठ्यभार ५ र पूर्णाङ्क १०० कायम गरिएको छ । यी विषयलाई प्रष्ट पार्दै भनिएको छ :

१. विद्यालयमा पठन पाठन हुने मातृभाषाको छनोट पाठ्यक्रम निर्माण, पाठ्यपुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने,

२. स्थानीय विषयको हकमा स्थानीय तहका लागि उपयोगी पेशा, व्यवसाय, धर्म, परम्परा, संस्कृति, रीतिरिवाज, स्थानीय सम्पदा, वातावरण संरक्षण, खेतीपाती, स्थानीय प्रविधि, चाडपर्व, सामाजिक व्यवहार आदि विषयवस्तु सम्बन्धी विषय स्थानीय निकायको परामर्शमा विद्यालय आफैंले छनोट गर्न सक्ने । यस्ता विषयको पाठ्यक्रम निर्माण, पाठ्य पुस्तक विकास तथा कार्यान्वयन स्थानीय निकायको परामर्शमा विद्यालय वा सम्बन्धित शैक्षिक संस्था आफैंले गर्ने ,

३. मातृभाषा र स्थानीय विषयको पाठ्यक्रम तथा पाठ्य सामग्री स्रोतकेन्द्रको सहयोग र जिल्ला पाठ्यक्रम समन्वय समितिको समन्वयमा विद्यालय आफैंले निर्माण गर्ने छ । जिल्लाभर एउटै खालको विषय मिल्दो देखिएमा जिल्लास्तरमा र स्रोतकेन्द्र स्तरमा मात्र मिल्ने विषय भएमा स्रोतकेन्द्र स्तरीय रूपमा पाठ्यक्रम निर्माण गर्न सकिने,

४. अन्य विषयका रूपमा कम्प्युटर तथा सूचना प्रविधि, सामाजिक शास्त्रअन्तर्गतका विषय, भाषा समूहका विषय, गणित तथा विज्ञान समूहका विषय, परम्परागत चिकित्सा पद्धति, सहकारी शिक्षा, सङ्गीत, मूर्तिकला, काष्ठ कला, वास्तु कलालगायतका मागमा आधारित विषय पर्ने । उपलब्ध साधन र स्रोतका आधारमा पाठ्यक्रम विकास केन्द्रले यस्ता विषयको पाठ्यक्रम तथा पाठ्य पुस्तक विकास गर्दै जाने ।

## राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमबिचको सम्बन्ध

राष्ट्रिय तहमा रहेर कुनै खास स्थानको आवश्यकतामा आधारित नभई औसत रूपमा राष्ट्रिय आवश्यकतालाई सम्बोधन गर्ने गरी देशको शिक्षा नीतिबाट निर्देशित भई केन्द्रीय निकायद्वारा विषय विज्ञबाट निर्माण गरिने पाठ्यक्रम नै राष्ट्रिय पाठ्यक्रम हो । यस्तो पाठ्यक्रमले स्थानीय तहको आवश्यकतालाई पूर्ण रूपमा सम्बोधन नगर्न सक्छ ।

कुनै समाज वा देश वा स्थानमा लागु भएको पाठ्यक्रम अर्को समाज वा देश वा स्थानका लागि जस्ताको तस्तै लागु गर्न कठिन हुन सक्दछ । अतः पाठ्यक्रम समय र स्थान विशेष हुनुपर्दछ । विद्यालयीय शिक्षा व्यवस्थापनमा स्थानीयता अनुकूलको पाठ्यक्रमबारे छलफल हुने गर्दछ। सो अनुरूप स्थानीय आवश्यकतालाई उचित रूपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने मान्यता विश्वव्यापी रूपमा अगाडि आएको छ । समाजले आफ्नो स्थानीय आवश्यकता परिपूर्ति गर्न स्थानीय तहमा नै स्थानीय व्यक्तिकै सहभगितामा विकास गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । यसमा स्थान विशेष ज्ञान, सिप तथा कलाको विशिष्ट महत्त्व हुन्छ । यो पाठ्यक्रम विकासको विकेन्द्रीकृत र प्रजातान्त्रिक अभ्यास हो ।

| आधार | राष्ट्रिय पाठ्यक्रम | स्थानीय पाठ्यक्रम |
|---|---|---|
| उद्देश्य | व्यापक दायरा | सङ्कुचित दायरा |
| अवधारणा | सिद्धान्तमा आधारित | व्यवहारमा आधारित |
| आवश्यकता | राष्ट्रिय आवश्यकतामा आधारित | स्थानीय आवश्यकता आधारित |
| विकास गर्ने स्थान | केन्द्रीय स्तर | स्थानीय स्तर |
| विकास | विषय विज्ञ | स्थानीय सरोकारवाला |
| विषय | अनिवार्य विषयमा परम्परागत अवधारणा (केन्द्रीय सोचबाट निर्देशित) | ऐच्छिक विषयमा आधुनिक धारणा (विकेन्द्रीकृत सिद्धान्त अनुरूप) |
| सहभागिता | प्रतिनिधिमुलक सहभागिता | व्यापक सहभागिता |
| पद्धति | केन्द्रबाट निर्देशित | स्वःनिर्देशित |
| प्रकृति | वितरण प्रणालीमा आधारित | मागमा आधारित |
| प्रमाणीकरण | केन्द्रीय स्तरमा | स्थानीय स्तरमा |
| अपनत्व | कम | बढी |
| पाठ्यवस्तु | स्थानीय परिवेशमा सान्दर्भिक नहुन सक्ने | सान्दर्भिक, उपयोगी र ग्राह्य |
| एकरूपता | हुन्छ | हुँदैन |

**स्थानीय पाठ्यक्रमको ढाँचा**

१. परिचय :

२. तहगत उद्देश्य/सक्षमता :

३. विषयवस्तुको क्षेत्र र क्रम :

| क्षेत्र | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
|---|---|---|---|---|---|
| | | | | | |

**४. विषयवस्तुको विस्तृतीकरण :**

कक्षाः

| क्षेत्र | सिकाइ उपलब्धि | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | पाठ्यभार | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

५. सिकाइ सहजीकरण प्रक्रिया :

६. विद्यार्थी मूल्याङ्कन प्रक्रिया :

पाठ्यक्रमका मुख्यमुख्य तत्त्वहरू हुन्छन् । यस्ता तत्त्वहरूमा मुलतः निम्न प्रमुख छन् :

- उद्देश्य
- विषयवस्तु
- शिक्षणसिकाइ कियाकलाप
- मूल्याङ्कन

पाठ्यक्रम विकास गर्दा विभिन्न आधारलाई ध्यान पाठदिनपर्छ । प्रमुख आधार निम्न छन् :

- सामाजिक आधार
- संस्कृतिक आधार
- समाजशास्त्रीय आधार
- दर्शनशास्त्रीय आधार
- मनोवैज्ञानिक आधार

पाठ्यक्रम विकासका निश्चित् प्रक्रिया हुन्छन् । केही प्रमुख तरिका/प्रक्रिया निम्न छन् :

Tyler (1949) का अनुसार :

- उद्देश्य तय गर्ने
- विषयवस्तु चयन गर्ने
- शिक्षण विधि चयन गर्ने
- मूल्याङ्कन गर्ने

Taba (1962) का अनुसार :

- आवश्यकता पहिचान र विश्लेषण गर्ने
- उद्देश्य निर्धारण गर्ने
- विषयवस्तुको सङ्गठन गर्ने
- सिकाइ अनुभवको छनोट गर्ने
- मूल्याङ्कन गर्ने ।

अतः स्थानीय पाठ्यक्रम स्थानीय तहमा निर्माण हुने स्थानीय तहबाटै निर्णय हुने र स्थानीय तहबाटै कार्यान्वयन गरिने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो ।

## अनुसूची –२

### स्थानीय पाठ्यक्रम निर्माणका लागि आयोजित प्रथम अन्तरक्रिया कार्यक्रममा सहभागीहरुः

आज मिति २०७५।१२।१२ का दिन ठाकुरबाबा नगर-पालिकाका नगर प्रमुख तथा शिक्षा समिति अध्यक्ष श्री घन नारायण श्रेष्ठ ज्यूको अध्यक्षतामा यस नगरपालि[का] अन्तर्गतका प्र. अ तथा शिक्षा समिति पदाधिकारी लगा[यत] एतको संयुक्त बैठक तपसीलको उपस्थितिमा तपसील अनु[सार] निर्णयार्थ प्रारम्भ गरीयो।

तपसील

नगर प्रमुख → श्री घन नारायण श्रेष्ठ

उप प्रमुख → श्री कृष्णा कुश्मी थारु

शिक्षा इकाइ प्रमुख → श्री दण्डपाणी शर्मा

प्रमुख प्रशासकिय अधिकृत → श्री पीत्रीभक्त गिरी

सामाजिक समिति संयोजक → श्री राधा थारु

शिक्षा ~~शाखा~~ अधिकृत → श्री सीता भण्डारी

प्रहरी निरक्षक → श्री प्रदिप कुमार डि.सी.

वडा अध्यक्ष वडा नं १ – श्री श्यामलाल थारु

वडा अध्यक्ष वडा नं २ – श्री हरिराम थारु

वडा अध्यक्ष वडा नं ३ – श्री श्रीकृष्ण थारु

वडा अध्यक्ष वडा नं ४ – श्री शेर बहादुर थारु

वडा अध्यक्ष वडा नं ५ → श्री गंगा राम जैशी

वडा अध्यक्ष वडा नं ६ → श्री भवानी गुसाल

वडा अध्यक्ष वडा नं ७ → श्री पदम खड्का

वडा अध्यक्ष वडा नं ८ → श्री नीम प्रसाद थारु

~~वडा अध्यक्ष वडा न~~

राष्ट्रीय, प्रकृति संरक्षण कोष बर्दिया → श्री लक्ष्मी जोशी

श्री बालकृष्ण आचार्य

श्री नन्दाराम अधिकारी

पर्या पर्यटन विकास मञ्च अध्यक्ष → श्री मोहन चौधरी

शिक्षा विकास तथा समन्वय इकाई → श्री शेर बहादुर रोकाय

प्राविधिक ठाकुरबाबा न.पा. → श्री शेर बहादुर खड्का

शि. महासंघ ठाकुरबाबा अध्यक्ष → श्री किरलाल चौधरी

शि. संघ " " → श्री कुमार प्र. सापकोटा

ने. शि. संगठन " " → श्री कलम बहादुर शाही

र. अ. ने. शि. संगठन " " → श्री केशव तिमिल्सेना

प्र.अ → श्री दिनेश चन्द्र गौतम

प्र.अ → श्री राजेश यादव

प्र.अ → श्री सुरेन्द्र चौधरी

प्र.अ → श्री कुमेश्वर प्रसाद चौधरी

प्र.अ → श्री नवराज ढुङ्गाना

प्र.अ → श्री सत्यराज तिमिल्सेना

प्र.अ → श्री नारायण अधिकारी

प्र.अ → श्री घुमलाल चौधरी

प्र.अ → श्री कलीराम कुश्मा

प्र.अ → श्री लक्ष्मी पौडेल (खनाल)

प्र.अ → श्री भक्त ढकाल

प्र.अ → श्री शंकर शाही

नि.प्र.अ → श्री उमा बुढा क्षेत्री

प्र.अ → श्री विर बहादुर थारु

प्र.अ → श्री चन्द्रा रावत

स.प्र.अ → श्री लक्ष्मी पौडेल (शर्मा)

प्र.अ → श्री ओम कुमारी तामाङ

प्र.अ → श्री कृष्णा गौतम

स.प्र.अ → श्री मान कुमारी श्रेष्ठ

प्र.अ → श्री सीता थारु

स.प्र.अ → श्री फुलहीराम थारु

प्र.अ → श्री शर्मिला गिरी

प्र.अ → श्री राम स्नेही ठाकुर

उपाध्यक्ष, पर्या पर्यटन निकाल मञ्च प्रताप के.सी.

शिक्षा प्रेमी /समाजसेवी → श्री विना भट्टराई

पुरे क्याम्पस विद्यार्थी → श्री विश्वास शाह

पत्रकार महासंघ ~~सचिव~~ → श्री भावुक योगी

प्रा.स. शेर बहादुर राना वि.वि. ले.ड. वर्दिया

प्र.अ - श्री हेमा आचार्य

बर्दिया राष्ट्रिय निकुञ्ज → श्री सुरक्षा श्रेष्ठ

## स्थानीय पाठ्यक्रम निर्माणका लागि आयोजित कार्यशालाका सहभागीहरु:

आज मिति २०७७ साल बैशाख १०, २ ११ गते मंगलबारका दिन रोयल एडभान्चर होटल एण्ड पार्टी प्यालेसमा नगर प्रमुख एवं नगर शिक्षा समितिका अध्यक्ष श्री धननारायण श्रेष्ठ ज्यूको प्रमुख आतिथ्यता र स्थानीय पाठ्यक्रम निर्माण समितिका संयोजक श्री राधा चौधरी ज्यूको अध्यक्षतामा स्थानीय सम्बद्ध सरोकारवालाहरु संगको बृहत पाठ्यक्रमको ढाँचा निर्माण कार्यशालाबाट निम्न लिखित निर्णयहरु गरियो।

उपस्थिति

- प्रमुख अतिथि श्री धननारायण श्रेष्ठ
- संयोजक श्री राधा चौधरी
- नगर उप प्रमुख श्री कृष्णाकुश्मा थारु
- सदस्य श्री नवराज ढुङ्गाना
- प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि रिजाल
- शिक्षा शाखा अधिकृत श्री सिता कुमारी भण्डारी
- श्री बिना भट्टराई
- अध्यक्ष (मध्यवर्ती क्षेत्र, बि.सं) श्री नेत्रराज आचार्य
- उपाध्यक्ष (हाम्रो मध्यवर्ती सरोकार) दुर्गा सापकोटा
- श्री सरस्वती आ.वि. नेउलापुर राजेन्द्र प्रसाद शर्मा
- श्री हिमालय आ.वि. मिर्चैया चुडामणी शर्मा
- मनुभा टिकासिंह क्याम्पस जिवन रिजाल
- चुरे म्याम्पस जगेन्द्र हमाल
- शंकर प्रसाद आचार्य श्री चुरे माध्यमिक विद्यालय वगनाह बर्दिया
- कलम बहादुर शाही NNTA ठाकुरबाबा नगर समिति अध्यक्ष
- वासुदेव भट्टराई SEHJE Nepal
- नारायण अधिकारी श्री बबई शिशु मन्दिर आ.वि. वर्गदी
- झलक नाथ खनाल श्री कृष्ण प्रणामी सेवा समिति मुगि
- रमिला गिरी श्री बबई शिशु मन्दिर आ.वि.
- सुरेन्द्र कुमार चौधरी श्री जनज्योति मा.वि. ठकुवा
- रमेश रतगैयाँ श्री हिमालय मा.वि. बनकट्टी
- दिपा नेपाल " चुरे मा.वि. वगनाह
- कुमार प्रसाद सापकोटा अध्यक्ष ने.शि. संघ नगर समिति, ठाकुरबाबा

Page No.
Date

१) नन्दराम तिमिल्सेना ठाकुरबाबा जोन तयारी समुदाय समिति
२) बलिराम चौधरी ठाकुरबाबा न.पा. ८ एल.यू. आईल फ्युचर मिशन
३) केशवराज तिमिल्सेना अध्यक्ष ए.क्र.ते. प्रि.स्कु. गाउ.पा.
४) मास्टर आ... अध्यक्ष CPCC बसन्ता
५) लक्ष्मी पौडेल प्र.अ. श्री जनचाहना आ.वि. डुम्रेनी
६) यमकला पौडेल शि. श्री त्रिभुवन मा.वि. भुरिगाउँ
७) पार्वता पोखरेल श्री हिमालय आ.वि. सि.अ.स.
८) मोतीराम ढुंगाना ठा.न.पा. का.पा.
९) प्रशान्त कुमार विश्वकर्मा वडा सदस्य - ६
१०) विष्णुबहादुर शाही श्री ज्ञानोदय प्रा.वि. २ अध्यक्ष
११) पवन कुमार थापा प्रकृती पथ पर्यटक संघ वर्दिया अध्यक्ष
१२) ईश्वर प्रसाद आचार्य CBAPU अध्यक्ष
१३) बालकृष्ण आचार्य, सदस्य-सचिव

निर्णय नं. १ श्री नन्दाराम अधिकारी स्रोतव्यक्ति।

आजको कार्यशालाबाट तपसिलबमोजिमको पाठ्यक्रम लेखन कार्यदल गठन गर्ने निर्णय गरियो।

(१) शंकर आचार्य
२) बिना भट्टराई
३) शमिला गिरी
४) चुडामणी अर्याल
५) लक्ष्मी पौडेल
६) प्रशान्त वि.क.

**सन्दर्भ सामाग्रीहरु**


१. गुरुयोजना र लापा

२. क्षेत्र भ्रमण/स्थानीय स्रोतव्यक्ति, ICT based Articles

३. ब.रा.नि.को परिचयात्मक पुस्तिका, क्षेत्र भ्रमण र अध्ययन

४. हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका २०७५

५. दिगो विकास लक्ष्य २०१६-२०३०,

६. विपद् व्यवस्थापन निर्देशिका

७. पूर्ण सरसफाइ निर्देशिका,

८. सिकलसेल पुस्तिका,

९. बहु क्षेत्रीय पोषण कार्यक्रम

१०. सम्वन्धित संस्थाका ब्रोसरहरु

११. हाम्रो बर्दिया : मुख्य धार्मिक तथा पर्यटकीय स्थलको परिचय

१२. बर्दिया राष्ट्रिय निकुञ्ज बिगत देखि वर्तमान

१३. राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया संरक्षण कार्यक्रम

१४. इको क्लबः गठन, क्रियाकलाप र हरित उपहार कार्यक्रम

१५. शीघ्र कुपोषणको एकिकृत कार्यक्रम, तालिम पुस्तिका २०७३

१६ नेपालको संविधान

१७. स्थानीय सरकार सञ्चालन ऐन २०७४

१८. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ (परिमार्जित संस्करण २०७१ समेत)

१९. स्वस्थ्य घर अनुगमन निर्देशिका

२०. ठाकुरबाबाका शिक्षाका ऐन, नियम र कार्यविधिहरु

२१. स्थानीय पाठ्यक्रम प्रारुप २०७१